"स्वस्थ, सुखी र समृद्ध लिसंखु पाखरः पर्यटन, जलस्रोत, शिक्षा र कृषिमा आधुनिकीकरण र आत्मनिर्भर"

# गाउँ शिक्षा योजना

## (२०८३/८४ - २०९२/९३)




## लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

मिति २०८३ असार २५ गतेको कार्यपालिका बैठकबाट स्वीकृत

*"स्वस्थ, सुखी र समृद्ध लिसंखु पाखरः पर्यटन, जलस्रोत, शिक्षा र कृषिमा आधुनिकीकरण र आत्मनिर्भर"*

# गाउँ शिक्षा योजना

## २०८३/८४ - २०९२/९३

**लिसंखु पाखर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

अत्तरपुर, सिन्धुपाल्चोक

वागमती प्रदेश, नेपाल

मिति २०८३ असार २५ गतेको कार्यपालिका बैठकबाट स्वीकृत

# शुभकामना

नेपालको संविधान अनुसार सङ्घीय लोकतान्त्रिक प्रणाली लागू भएसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार कार्यान्वयनमा आएका छन्। नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकारहरूको कार्यान्वयनको अभ्यासमा स्थानीय तहहरू क्रियाशील रहेका छन। विद्यमान शिक्षा ऐन, नियमावलीसँग नबाझिने गरी यस गाउँपालिकाले शैक्षिक व्यवस्थापन सम्बन्धी कार्यविधिहरू तयार गरी प्रभावकारी कार्यान्वयन गर्दै आइरहेको अवस्था छ। संविधानले प्रदत्त गरेका शिक्षासम्बन्धी हक अधिकारहरूलाई सुनिश्चित गर्नका लागि गाउँपालिकाले आवश्यक नीतिगत सुधारका कार्यहरू पनि गर्दै आइरहको छ। यसै सन्दर्भमा आगामी दश वर्षमा गाउँपालिकाको शिक्षा क्षेत्र कुन अवस्थामा पुर्याउने भन्ने दीर्घकालिन सोचका साथ यो गाउँ शिक्षा योजना २०८३-२०९२ निर्माण भएको छ। यस योजनाले गाउँपालिकाभित्रका सम्पूर्ण शैक्षिक संस्थाहरूको वस्तुस्थिति प्रस्तुतिका साथै भावी शैक्षिक रणनीतिक योजनाको मार्ग चित्रण गर्दछ।

यस योजनामा यस गाउँपालिकाको शैक्षिक सूचना, जनसङ्ख्या विवरण, पालिकाको साक्षरताको अवस्था, कार्यान्वयनमा आएका शैक्षिक कार्यक्रमहरू, माध्यमिक तथा आधारभूत तहको शैक्षिक सूचकाङ्कको विवरण, पालिकाको दुरदृष्टि, लक्ष्य, उद्देश्यहरू, रणनीति तथा सिकाइ उपलब्धि विवरण आदि शैक्षिक विवरणहरू समेटिएका छन। यीनै शैक्षिक विवरणका आधारमा सूचकगत लक्ष्य निर्धारण गरी क्रियाकलापहरू तय गरिएको छ।

यो योजना दस्तावेज तयारीमा सल्लाह दिने, सहयोग गर्ने तथा खटिने यस गाउँपालिका, गाउँ शिक्षा समितिका पदाधिकारीज्यूहरू, सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, प्रधानाध्यापकज्यूहरू, वि.व्य.स. र शि.अ.सङ्घ. अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, यस बाल संजालका प्रतिनिधि साथै प्राविधिक सहयोगको लागि परामर्शदाता लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस कार्यान्वयनमा जुट्न सबैमा अपिल गर्दछु।

राजु लामा
अध्यक्ष
लिसंखु पाखर गाउँपालिका
अत्तरपुर, सिन्धुपाल्चोक

# शुभकामना

शिक्षालाई मानवको तेस्रो आँखा तथा ज्ञानको ज्योति भनेर पनि चिनिन्छ। वर्तमानमा शिक्षालाई व्यक्तिको आधारभूत अधिकारको रूपमा लिइन्छ। नेपालको संविधानले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ।

यस गाउँपालिकाको समग्र शैक्षिक स्थितिको गुणस्तर तथा नतिजामा सुधार ल्याउनका लागि यो दश वर्षे यस शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो। यस गाउँपालिकामा समानता, समता, विविधता, पहिचान, विकास र समृद्धिका लागि तथा गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको र गर्ने लगानीको उपयूक्त एवम् प्रशंसनीय प्रतिफल प्राप्तिमा सहयोग गर्न आधार प्रदान गर्ने उद्देश्य तथा लक्ष्यका साथ यस शिक्षा योजनाको निर्माण गरिएको छ।

शिक्षा विकास जस्तो पवित्र अभियानमा अगाडि बढ्दा आईपर्ने चुनौती तथा समस्याहरूलाई समुचित तरिकाबाट समाधान गरी यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि सम्पूर्ण गाउँपालिकाबासीको साथ र सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण आशा र विश्वास लिएको छु ।

यो योजना तयारीमा शुरुवाती चरणदेखि सहयोग गर्ने शिक्षा योजना मस्यौदा लेखन समिति, शिक्षा योजना निर्माण समिति, प्रधानाध्यापकज्यूहरू, वि.व्य.स. र शि.अ.सङ्घ अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, यस बाल संजालका प्रतिनिधि साथै सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु।

मिठु देवी लामा
उपाध्यक्ष
लिसंखु पाखर गाउँपालिका
अत्तरपुर, सिन्धुपाल्चोक

# शुभकामना

वर्तमान संविधानप्रदत्त शैक्षिक अधिकार सुनिश्चित गर्ने एकल अधिकारको विषयमा स्थानीय तहले योजनाबद्ध विकासको थालनी गर्नुपर्ने देखिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज मा उल्लेखित आधारभूत र माध्यमिक शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको व्यवस्था भएअनुरूप यस गाउँपालिकाले यस शिक्षा क्षेत्र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता महशुस गरेको हो। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

संविधानले स्थानीय सरकारलाई प्रारम्भिक बालविकास शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी पनि सुम्पिएको छ। यसै गरी प्रादेशिक तथा संघीय सरकारलाई उच्च शिक्षाको जिम्मेवारी दिएको छ। प्राविधिक तथा व्यवसायिक शिक्षा स्थानीय, प्रदेश एवम् संघीय सरकारको साझा जिम्मेवारीमा राखेको छ। यस स्थितिमा नेपालको शिक्षालाई कसरी व्यावहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी, समालोचनात्मक क्षमता सहितको अनुसन्धानमूलक, एवम् नेपालका विविध कला, संस्कृति, ज्ञान, सिप, प्रविधि आदिसँग जोड्दै उपयुक्त पश्चिमी प्रविधि, ज्ञान तथा सिपको पनि भरपूर प्रयोग गर्दै व्यक्तिगत विकास मार्फत् समुदाय र देशको विकासमा योगदान गर्न सक्ने विद्यार्थी उत्पादन गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। त्यसैले गाउँपालिकाले यस शिक्षा क्षेत्र योजना निर्माण गरि कार्यान्वयन गर्नुपर्ने अनिवार्य आवश्यकता देखिएकोले यो दश वर्षे यस शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो।

यो योजना तयारीमा शुरुवाती चरणदेखि सहयोग गर्ने शिक्षा योजना मस्यौदा लेखन समिति, शिक्षा योजना निर्माण समिति, प्रधानाध्यापकज्यूहरू, वि.व्य.स. र शि.अ.सङ्घ अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, यस बाल संजालका प्रतिनिधि साथै सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु।

बीर बहादुर बस्नेत
प्रमुख प्रशासकिय अधिकृत
लिसंखु पाखर गाउँपालिका
अत्तरपुर, सिन्धुपाल्चोक

# शुभकामना

शिक्षा मानवको नैसर्गिक अधिकार हो। वर्तमानमा शिक्षालाई व्यक्तिको आधारभूत अधिकारको रूपमा लिइन्छ। नेपालको संविधानले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ। साथै, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, (२) ज मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहका २३ ओटा काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। यस गाउँपालिकाले संविधान तथा कानुनले प्रदान गरेका अधिकारको प्रयोग गर्दै शैक्षिक विकास, पहुँच र व्यवस्थापनलाई अग्रस्थानमा राखेको छ। शिक्षा क्षेत्रमा संघीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संसोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन-कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानुन तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनु तथा स्थानीय सरकारबाटै शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या तथा चुनौती विद्यमान रहे तापनि आवश्यक स्थानीय कानुन, नीति तथा कार्यविधि तर्जुमादेखि तिनको सफल कार्यान्वयनमा यस गाउँपालिकाको तर्फबाट हरसम्भव प्रयासहरू भइरहेका छन् ।

यस गाउँपालिकालाई उत्कृष्ट शैक्षिक गन्तव्यको रूपमा विकास गर्ने कार्यलाई मूर्त रुप दिन गाउँसभाले पारित गरेका शिक्षाका ऐन, नीतिको आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा योजना तर्जुमा गरिएको छ। विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा, शिक्षाका अन्तरसम्बन्धित मुद्दाहरू, विपद् व्यवस्थापन सँगसँगै शिक्षामा समग्र सुशासन र व्यवस्थापनका पक्षहरूलाई समेटेर तयार पारिएको यस शिक्षा योजनाले यस गाउँपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा हामी विश्वस्त छौं ।

शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सिप सिकाउन सकेमा सिपयूक्त व्यक्ति श्रमबजारमा सहजै बिक्न सक्ने, दक्ष जनशक्ति तयार भई हामीले कल्पना गरेको समृद्ध नेपाल र सुखी नेपाली तथा समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रूपमा उठाइएको जीवनोपयोगी शिक्षा साथै यस गाउँपालिका क्षेत्रको परम्परागत मौलिक ज्ञान सिप, संस्कृति र सभ्यताका असल अभ्यासहरूलाई समेट्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसंस्कृत तथा समृद्ध गाउँपालिका बनाउने पवित्र सोचका साथ यो योजना निर्माण गरिएको हो।यो योजना दस्तावेज तयारीमा सल्लाह दिने, सहयोग गर्ने तथा खटिने यस गाउँपालिका, गाउँ शिक्षा समितिका पदाधिकारीज्यूहरू, सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, प्रधानाध्यापकज्यूहरू, वि.व्य.स.र शि.अ.सङ्घ अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, यस बाल संजालका प्रतिनिधि साथै प्राविधिक सहयोगको लागि परामर्शदाता लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस कार्यान्वयनमा जुट्न सबैमा अपिल गर्दछौं।

सन्तोष खनाल
शिक्षा शाखा प्रमुख
लिसंखु पाखर गाउँपालिका
अत्तरपुर, सिन्धुपाल्चोक

# विषय सूची


| | |
|---|---|
| योजनाको सारार्शं | १ |
| विषय प्रवेश | १ |
| शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | २ |
| शिक्षा योजना निर्माणका आधार | ३ |
| शिक्षा योजना निर्माण प्रक्रिया | ४ |
| योजनाको लेखाजोखा | ५ |
| योजनाको दस्तावेजको स्वरूप | ६ |
| परिच्छेद १ : परिचय | ७ |
| १.१ वर्तमान अवस्था | ७ |
| १.२ सबल पक्षहरू | १६ |
| १.३ शिक्षा क्षेत्रका समस्याहरू | १७ |
| १.४ शिक्षा क्षेत्रका चुनौतिहरू | १७ |
| १.५ अवसरः | १८ |
| परिच्छेद २ : दुरदृष्टि,उद्देश्य, रणनीति, तथा लक्ष्य निर्धारण | १९ |
| २.१ दुरदृष्टि | १९ |
| २.२ लक्ष्य | १९ |
| २.३ उद्देश्यहरू | १९ |
| २.५ रणनीतिहरू | १९ |
| २.६ अपेक्षित उपलब्धि | २२ |
| २.७ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण | २२ |
| परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरू | २८ |
| ३.१ प्रारम्भिक बाल विकास र शिक्षा | २८ |
| ३.२ आधारभूत शिक्षा | ३३ |
| ३.३ माध्यमिक शिक्षा | ३९ |
| ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम | ४५ |
| ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ : | ४८ |
| परिच्छेद ४ : अन्तरसम्बन्धित विषय क्षेत्रहरु | ५२ |
| ४.१ पाठ्यक्रम र मूल्याङ्कन | ५२ |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | ५७ |
| ४.३ शैक्षिक समता र समावेशीकरण | ६३ |

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमः ६९
४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थान्शीलता ७३
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ७६
४.७ शिक्षामा सूचना प्रविधिको प्रयोग ८०
परिच्छेद ५ः सुशासन तथा व्यवस्थापन ८४
५.१ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास ८४
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ८८
परिच्छेद ६ः लगानी र स्रोत व्यवस्थापन ९२
६.१ परिचय ९२
६.२ वर्तमान अवस्था ९२
६.३ उद्देश्य ९३
६.४ रणनीतिहरू ९३
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ९४
परिच्छेद ७ः अनुगमन तथा मूल्याङ्कन १०१
७.१ परिचय १०१
७.२ वर्तमान अवस्था १०१
७.३ उद्देश्य १०२
७.४ रणनीतिहरू १०२
७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य १०२
अनुसूची १ः क्रियाकलाप अनुसार ५ वर्षको वित्तिय योजना १०५
अनुसूची २ः शिक्षा योजना मस्यौदा लेखन समिति १२१

# योजनाको साराशं

गाउँ शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ।

योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूहहरू (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा गैर-औपचारिक / वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक- निजी साझेदारीलाई जोड दिइएको छ। समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अप अपेक्षा गरिएको छ।

# विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागीता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अहिले नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत् कार्यान्वयन भइरहेका छन्। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि सबै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मान्दै आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेकाले यस गाउँपालिकाले पनि शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि उपलब्ध मार्गदर्शन पछ्याएको छ।

# शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ। समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ। त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ । यसरी, शिक्षा योजना

निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ। त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो।

थप औचित्य बुँदागत रूपमा यसप्रकार रहेका छन् :

क) तीनओटै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थपित गर्न

ख) सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

ग) कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

घ) साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

ङ) शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्‍याउन

## शिक्षा योजना निर्माणका आधार

यस शिक्षा क्षेत्र योजना तर्जुमाको प्रारम्भिक चरणमा योजना मस्यौदा लेखन कार्यदलमा छलफल भई यस शिक्षा योजना निर्माणको तयारी गरिएको थियो। योजना तयारीका लागि निम्नानुसारका सामग्रीहरूको अध्ययन र समीक्षा गरिएको थियो :

क) नेपालको संविधान २०७२

ख) सोह्रौं आवधिक योजना २०८१- २०८६

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (सन २०२३-२०२५)

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

झ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन र स्थानीय तहको विकास योजना

ञ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ट) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

ठ) विद्यालय अनुगमन प्रतिवेदनहरू

ड) गाउँपालिकाका वार्षिक बजेटहरू

ढ) गाउँपालिकाद्वारा जारी ऐन, नियम र कार्यविधिहरू

## शिक्षा योजना निर्माण प्रक्रिया

नेपालमा योजना निर्माण तथा योजनाबद्ध विकास प्रयासको थालनी २०१३ सालदेखि भएको हो। योजनाबद्ध विकासको क्रमलाई हेर्दा हालसम्म १५ ओटा योजना निर्माण भई कार्यान्वयन भइसकेका छन् भने हाल सोह्रौं योजना (२०८१/८२-२०८६/८७) कार्यान्वयन भइरहेको छ। हालसम्म योजना निर्माणको अभ्यासलाई सरसर्ती केलाउँदा समयका आधारमा तीनथरि (१-३ वर्षे अल्पकालीन, ३-५ वर्षे मध्यकालीन र ५ वर्षभन्दा माथि दीर्घकालीन) र तहगत आधारमा दुईथरि (बृहत् र सूक्ष्म तथा केन्द्रीकृत र विकेन्द्रित) योजना निर्माण भई कार्यान्वयन भएका छन् । हासिल गर्नुपर्ने लक्ष्य तथा उद्देश्य, उपलब्ध समय, स्रोत साधन र सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूको आवश्यकता पहिचान गरी योजना कस्तो हुने, कति अवधिको हुने, कसले निर्माण गर्ने र कार्यान्वयनको जिम्मेवारी कसलाई दिने भन्ने कुराको निर्धारण गरिन्छ।यस गाउँपालिकाको शिक्षा योजना निर्माणका लागि निम्नानुसारका प्रक्रिया अपनाइएको थियो :

<u>योजना निर्माणको लागि प्रारम्भिक छलफल र शिक्षा योजना निर्माण कार्यदल गठनः</u> योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा विभिन्न चरणमा छलफल र बैठकहरूको आयोजना भएका थिए । सो क्रममा शिक्षा योजना निर्माणको लागि छलफल भई २०८३ असार २ मा यस शिक्षा योजना निर्माण कार्यदल गठन गरिएको थियो।

<u>मस्यौदा तयारी</u>ः शिक्षा योजना मस्यौदा लेखन कार्यदलको अगुवाइमा विज्ञ परामर्शदाताको प्राविधिक सहयोगमा गाउँपालिकामा सङ्कलित सूचनाका आधारमा मस्यौदा तयारीको कार्य सम्पन्न भएको थियो।

<u>मस्यौदा उपर सुझाव सङ्कलनः</u> शिक्षा, युवा तथा खेलकुद शाखा र गाउँ शिक्षा समिति, गाउँपालिका स्तरीय प्रधानाध्यापक बैठकमा छलफल र सुझाव सङ्कलन, गाउँपालिकाको वेबसाइटमा मस्यौदा प्रति प्रकाशन गरी राय-सुझाव सङ्कलन गरिएको थियो।

<u>अन्तिम मस्यौदा तयारीः</u> सरोकारवालाको राय-सुझाव मिलान गरी शिक्षा योजना मस्यौदा लेखन कार्यदलले अन्तिम मस्यौदा शिक्षा योजना निर्माण समितिलाई पेस गरेको थियो। उक्त समितिले बैठकमा छलफल गरी मूल्याङ्कन गराई कार्यपालिका बैठकमा पेस गर्ने निर्णय अनुसार कार्य

अगाडि बढाइएको थियो।

<u>कार्यपालिका बैठकमा छलफल र स्वीकृति:</u> मिति २०८३ असार २५ गतेको कार्यपालिकाको छलफल, स्वीकृति र निर्णयबमोजिम यो शिक्षा क्षेत्र योजना आत्मसात्करण गर्दै कार्यान्वयनमा ल्याइएको हो।

# योजनाको लेखाजोखा

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागीता | ▪ शिक्षा योजना निर्माणमा प्रारम्भिक चरणको छलफलदेखि नै मूल नेतृत्वको संलग्नता रहेको छ।<br>▪ शिक्षा सरोकारवालाको संलग्नतासहितको योजना मस्यौदा कार्यदल गठन गरी पारदर्शी ढङ्गमा मस्यौदा तयार गरिएको छ।<br>▪ सूचना र सुझाव सङ्कलनका क्रममा सरोकारवालाको अर्थपूर्ण सक्रिय सहभागीता भएको छ। |
| २ | पर्याप्तता र सान्दर्भिकता | ▪ यस योजनामा उल्लेख गरिएका रणनीति, कार्यक्रम तथा क्रियाकलापहरू गाउँपालिकाका शिक्षा क्षेत्रका समस्या र चुनौतीहरू सम्बोधन गर्न पर्याप्त छन्। |
| ३ | समता, सक्षमता तथा गुणस्तर | ▪ यो योजनाले समता, सक्षमता तथा सिकाइ र गुणस्तरजस्ता सवालमा अपेक्षित वृद्धि गर्दै शिक्षा क्षेत्रको समग्रतामा उन्नयनको पर्याप्त प्रयास गरेको छ। |
| ४ | अन्तर्सम्बन्ध र तादाम्यता | ▪ यो योजना गाउँपालिकाका वार्षिक नीति कार्यक्रम लगायत अन्य योजनाहरूबिच अन्तर्सम्बन्धित छ।<br>▪ शिक्षाका राष्ट्रिय र अन्तराष्ट्रिय लक्ष्यहरूसँग अनुकूलन गरिएको छ।<br>▪ स्थानीय तहको योजना तर्जुमा सम्बन्धि अद्यावधिक मार्गनिर्देशन २०८१ मा आधारित यस योजनाले शिक्षाका उल्लेखित क्षेत्रहरू र अन्तर्सम्बन्धित विषयबिच उपयुक्त तालमेल राखेको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | ▪ योजनामा भएका विषयको शिक्षाका उपक्षेत्र, अन्तर्सम्बन्धित विषय साथै उपलब्ध स्रोत र अनुगमन मूल्याङ्कनसँग तादाम्यता कायम गरिएको छ।<br>▪ स्थानीय आवस्यकता र भोगिरहेका प्रमुख चुनौतीलाई सम्बोधन गर्ने प्रयास योजनाले केही हदसम्म गरेको छ। |
| ६ | स्रोतको प्रबन्ध | ▪ योजनामा उल्लेख गरिएका क्रियाकलापका लागि आवस्यक बजेटको प्रस्ताव गरिएको छ।<br>▪ नपुग बजेटका लागि सरकारी र गैरसरकारी संस्थाहरूसँग निरन्तर सहकार्य गर्नुपर्ने छ। |

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| ७ | संस्थागत क्षमता | ▪ योजना साथै क्रियाकलापहरू कार्यान्वयनका लागि उपयुक्त संयन्त्र र आवस्यक क्षमता विकास कार्यक्रम राखिएका छन्। |
| ८ | कार्यान्वयनमा तत्परता | ▪ स्थानीय तहभित्रका सरोकारवालाको सहभागीतामै योजना तयार भएको छ।<br>▪ यो योजना स्वीकृतिपूर्व जिम्मेबार पक्षलाई प्रबोधीकरण र अभिमुखीकरण गरिएको छ।<br>▪ स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा योजनाकै आधारमा कार्यक्रम प्रस्ताव गर्नुपर्ने आवस्यकता रहेको छ। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | ▪ स्थानीय तहभित्रका शैक्षिक सूचकहरू र आवस्यक तथ्याङ्क राखिएका छन्। |
| १० | अनुगमन र प्रतिवेदन | ▪ सबै तहको आवधिक अनुगमन र मूल्याङ्कनका संयन्त्र तयार गरिएको छ। |

## योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि शिक्षा क्षेत्रका समस्याहरू चुनौतीहरू र अवसरहरू उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ। परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् ।

परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापन, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थान्शीलता, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् । परिच्छेद पाँचमा सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था समावेश गरिएको छ। परिच्छेद छमा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको कार्यान्वयन अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली उल्लेख गरिएको छ।

# परिच्छेद १: परिचय

## १.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति २०७६, सङ्घीय सरकारको शिक्षा क्षेत्रको १० बर्षे योजना, दिगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई प्रदान गरेका २३ ओटा अधिकार, पन्ध्रौ र सोह्रौ आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारको नेतृत्व, सहयोग र समन्वय अपरिहार्य हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक तथा रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन, तथा दीर्घकालिन विकास योजना बनाई कार्यान्वयन गर्ने नीतिगत व्यवस्था भएको छ। समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजिवन सिकाइका अवसरहरुलाई प्रोत्साहन गरी गाउँपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, नीति तथा रणनीति एवम् क्रियाकलाप यस योजनाले निर्धारण गरेको छ। शिक्षा क्षेत्रको स्थानीय तहको क्षेत्रगत योजना, स्थानीय तहका आवधिक विकास योजना, बार्षिक नीति कार्यक्रम, तथा बजेट तथा प्रदेश एवम् सङ्घीय आवधिक योजना तथा शिक्षा क्षेत्रका योजनाले लिएका लक्ष्य उद्देश्य, रणनीति, कार्यनीति एवम् कार्यक्रमहरु एक अर्कामा अन्तर सम्बन्धित हुने गर्दछन ।

राष्ट्रिय तथा स्थानीय शैक्षिक आवश्यकता अनुसारको शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि यस गाउँपालिकाले शिक्षालाई व्यवस्थित गर्ने योजना बनाएको छ। यसका लागि शिक्षालाई व्यक्तिगत सामाजिक तथा राष्ट्रिय र अन्तरर्राष्ट्रिय परिवेश अनुकूलन बनाउने लक्ष्य लिएको छ। यस क्रममा शिक्षाको दीर्घकालीन योजना तयार गरी यसैका आधारमा शिक्षाको योजना तथा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने लक्ष्यका साथ योजनावद्ध विकासको थालनी गरेको छ।

लिसंखु पाखर नाममा रहेको शब्दको पृष्टभूमि, ऐतिहासिक महत्वको शब्द र अर्थ दर्शाउने रहेका छन् । पौराणिक भनाई अनुसार तामाङ समुदायको भाषाबाट स्थापित भौगोलिक वनपाखा, खोलानालासँग सम्बन्धीत शब्दहरु रहेको पाईन्छ। जसको प्राचिन शब्द **द्विस्योङकु** स्थापित थियो । कालान्तरमा **द्विस्योङकु** शब्द अपभ्रंशित भै लिसंखु हुन गएको देखिन्छ। द्वि-वनपाखा र स्योङ-खोलानाला र कु-नौ ओटा भन्ने अर्थबोध हुन्छ । यस लिसंखु पाखर गाउँपालिकाको ऐतिहासिक कुरा गर्दा तामाङ समुदायको बाहुल्यता रहेकोले, तामाङ जाति भित्रको योन्जन थरी तामाङको ऐतिहासिक एवं प्रमुख थातथलो र भाषा, धर्म, संस्कार, संस्कृति, सभ्यता विकासको उदगम क्षेत्र समेत रहेको पाईन्छ । यसको साथै मोक्ताङ्ग, घिसिङ्ग र बल थरीका तामाङ पुर्वजहरुको महत्वपूर्ण ऐतिहासिक किम्बदन्तिहरु रहेको पाईन्छ । तेन्जिङ नोर्गे, एडमण्ड हिलारी

पदमार्ग यसै गाउँपालिका भित्र पर्दछ भने सर्वोच्च शिखर सगरमाथा आरोही (कान्छो) कम उमेरमा आरोहण गर्ने आरोही शम्बु तामाङ यसै गाउँपालिकाको नागरिक रहेका छन्।

लिसंखु पाखर गाउँपालिका को ऐतिहासिक नामाकरण साबिक लिसंखु गा.वि.स. र ठूलोपाखर गा.वि.स. को संयुक्त नामबाट लिसंखु पाखर नामाकरण गरिएको हो । हाल उक्त नाम भएका गा.वि.स.हरु लिसंखु २ नं. वडा भएको छ भने ठूलोपाखर गा.वि.स. को ठूलो शब्द हटाई पाखर भन्ने शब्दलाई मिलन गरेको पाईन्छ । त्यसैगरी ठूलोपाखर गा.वि.स. हाल ७ नं. वडा भएको छ । साविकको लिसंखु गा वि स र साविकको ठूलो पाखर गा वि स को आसपासका बस्तीहरुलाई पाखर क्षेत्र भनिने गरिएको थियो । वाफल, लिसंखु, ठूलो धादिङ र अत्तरपुर एक भाग रहेको छ भने जेठल, ठुलो पाखर र पेटकु अर्को भाग रहेको छ। दुवै भेगको स्थानीयको चाहना र मर्मअनुसार यो गाउँपालिकाको नाम लिसंखु पाखर गाउँपालिका रहन गएको हो।

## १.१.१. भौगोलिक अवस्थिति

लिसंखु पाखर गाउँपालिका नेपालको ७ वटा प्रदेश मध्ये बागमती प्रदेश अन्तरगत सिन्धुपाल्चोक जिल्लाको १२ वटा तहहरुमध्येको एक स्थानीय तह हो । यो गाउँपालिका जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित रहेको छ । भौगोलिक अवस्थिति अनुसार ८५ डिग्री ५३ मिनेट ०९ सेकेण्ड पुर्वी देशान्तर र २७ डिग्री ४० मिनेट २० सेकेण्ड उत्तरी अक्षांशमा फैलिएको यस गाउँपालिका समुन्द्री सतह देखी १९३० मिटरको उचाईमा रहेको छ । पुर्वमा दोलखा र रामेछाप जिल्ला, पश्चिममा सुनकोशी गाउँपालिका, उत्तरमा त्रिपुरा सुन्दरी गाउँपालिका तथा दक्षिणमा काभ्रेपलान्चोक जिल्ला र सुनकोशी गाउँपालिकाको सिमानासँग जोडिएको यो गाउँपालिका पहाडी भु-भागमा फैलिएको छ ।

मिति वि.सं २०७३ फाल्गुण २७ गते नेपाल सरकारले राजपत्रमा प्रकाशित गरी साविकको ठूलो धादिङ, अत्तरपुर, लिसंखु, जेठल, पेट्कु र ठुलोपाखर गा.वि.स.लाई एकीकृत तथा समावेश गरी लिसंखु पाखर गाउँपालिका घोषणा गरिएको थियो ।९८.६१ वर्ग कि.मि. क्षेत्रफल ओगटेको यस गाउँपालिकाको पुर्वमा दोलखा र रामेछाप जिल्ला, पश्चिममा सुनकोशी गाउँपालिका, उत्तरमा त्रिपुरा सुन्दरी गाउँपालिका तथा दक्षिणमा काभ्रेपलान्चोक जिल्ला र सुनकोशी गाउँपालिकाको सिमानासँग जोडिएको यो पर्यावरणीय सुन्दर गाउँपालिका पहाडी देखि हिमाली भु-भागमा फैलिएको छ । स्थानीय गाउँवासीहरुलाई सर्वसुलभ ढंगबाट सेवा सुविधा उपलब्ध गर्न गराउन जम्मा ७ वटा वडाहरुमा विभाजन गरिएको छ । यस गाउँपालिकाका वडा कार्यालयहरु रहेको स्थान र स्वामित्व सम्बन्धी विवरणलाई तलको तालिकामा दिइएको छः

| वडा नं | समावेश गा वि स हरु | साविक वडा नं | वडा कार्यालय रहेको स्थान |
|---|---|---|---|
| १ | ठुलो धादिङ | १-९ | ठुलो धादिङ |
| २ | लिसंखु | १-५,७ | लिसंखु |
| ३ | वाफल | ६,८,९ | लिसंखु |
| ४ | अत्तरपुर | १-९ | अत्तरपुर |
| ५ | जेठल | १-९ | जेठल |
| ६ | पेटकु | १-९ | पेटकु |
| ७ | ठुलोपालर | १-९ | ठुलोपाखर |

*स्रोतः लिसंखु पाखरको पार्श्वचित्र २०७९*

लिसंखु पाखर गाउँपालिकाको धरातलिय अवस्था उकाली ओराली डाँडाकाडाँ पहाडी खालको रहेको छ । साथै यसको ठूलो भाग वनजङ्गलले ओगटेका छन् भने ग्रामिण क्षेत्रका सबै भागहरुमा कृषि उत्पादन गरिन्छ । करिव ९३ प्रतिशत जग्गा खेतीयोग्य जमिन रहेको यो गाउँपालिकामा मुख्य उत्पादनको रुपमा धानवाली रहेको छ । दलहन बाली, गहुँ, तोरी, मकै आदिको पनि राम्रो उत्पादन हुने गर्दछ । कतिपय मानिसले २ बालीसम्म लगाउने गरेका छन् भने धेरै जग्गा हिउँदको समयमा अधिकांस बाँझो रहेको देखिन्छ । यस गाउँपालिकामा अर्धउष्ण किसिमको हावापानी पाइन्छ । यहाँको अधिकतम तापक्रम गर्मी समयमा ३२.५ डिग्री सेल्सिय ससम्म र जाडो याममा ५ डिग्री सेल्सियस सम्म हुन्छ । मसिरदेखि माघसम्म जाडो हुने, बैशाख देखि आश्विनसम्म गर्मी हुन्छ । लगभग ८० प्रतिशत वर्षा आषाढ श्रावण, भाद्र महिनामा मनसुनी वर्षा हुने गर्दछ । केही वर्षयता जलवायु परिवर्तनको कारण एकातिर वर्षादमा कमी आएको, भूमिगत पानीको सतह घट्दै गएको र गर्मी बढ्दै गएको छ भने अर्कोतिर पशु तथा बालीविरुवामा रोगकिरा वृद्धि हुँदै गएकोछ ।

सिन्धुपालचोक जिल्लामा रहेको लिसंखु पाखर गाउँपालिका प्राकृतिक सम्पदा र शौन्दर्यताका दृष्टिकोणले जिल्लाकै उत्कृष्ट गाउँपालिका मा पर्दछ । यस गाउँपालिकामा रहेका जलश्रोत, जगल, हिमाली तथा पहाडी टाकुराहरु पर्यटकीय शौन्दर्यताका प्रमुख तत्वहरु बन्न पुगेका छन् । सुविख्यात सुन्दर पर्यटकीय स्थलहरु, कला, साहित्य र संस्कृतिले गर्दा गाउँपालिकाको पहिचानलाई यस जिल्ला भित्र तथा बाहिर समेत स्थापित गरेको हुँदा यस गाउँपालिकालाई प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय दृष्टिकोणले उत्कृष्ट मानिन्छ ।

## १.१.२. जनसाङ्खिक संरचना

विभिन्न जातजाती भाषा धर्म संस्कृतिका मानिसहरुको बसोबास रहेको यस गाउँपालिकामा जम्मा

४१५५ घरधुरी र २०३०० जनसंख्या रहेको छ भने औषत परिवारको आकार ५.० रहेको छ। लिसंखु पाखर गाउँपालिकाको पार्श्वचित्र २०७९ अनुसार यस गाउँपालिकाको वडागत जनसाङ्ख्यिक संरचना यसप्रकार रहेको छ।

| वडा नं | जम्मा घरधुरी सङ्ख्या | जनसङख्या | औषत परिवारको आकार |
|---|---|---|---|
| १ | ५८५ | २९८१ | ५.१ |
| २ | ५६० | ३३८३ | ६.६ |
| ३ | ४७४ | २२९१ | ४.८ |
| ४ | ५७७ | २५६७ | ४.६ |
| ५ | ८५९ | ३४१५ | ४.० |
| ६ | ३९२ | १८३३ | ४.७ |
| ७ | ७०८ | ३८३० | ५.४ |
| जम्मा | ४१५५ | २०३०० | ५ |

*स्रोतः लिसंखु पाखरको पार्श्वचित्र २०७९*

विभिन्न उमेर समूहका आधारमा यस गाउँपालिकाको जनसङ्ख्यालाई वडागत रुपमा तलको तालिकामा प्रस्तुत गगिएको छ । उक्त तथ्याङ्कलाई विष्लेशण गरि हेर्दा गाउँपालिकाको जम्मा जनसङ्ख्या मध्ये सबैभन्दा बढि जनसङ्ख्या २५-२९ वर्ष उमेर समूहको रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या ७५-७९ वर्ष उमेर समुहको रहेको छ । अर्थात युवा अवस्थाको जनसङ्ख्या सबैभन्दा बढी रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या वृद्धावस्थाको रहेको पाइन्छ ।

| उमेर समुह | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| ५ वर्षभन्दा कम | ७६ | १३२ | ८५ | १३६ | १५४ | ८३ | २३५ | ९०१ |
| ५-९ वर्ष | १६७ | १४९ | १२६ | १३३ | २९० | ११२ | २२० | ११९७ |
| १०-१४ वर्ष | १५४ | १५४ | १४८ | १५३ | २५० | १३२ | २४९ | १२४० |
| ११९-५ वर्ष | २०४ | १७८ | १७० | १५६ | ३१७ | १२९ | २६५ | १४१९ |
| २०-२४ वर्ष | २२९ | १७३ | १४६ | २३९ | २८५ | ११७ | ३२४ | १५१३ |
| २५-२९ वर्ष | २९६ | २७८ | २२१ | २५८ | ३७४ | १६० | ३८९ | १९७६ |
| ३०-३४ वर्ष | २९१ | २६२ | १७७ | २२५ | ३३० | १७२ | ३७० | १२८७ |
| ३५-३९ वर्ष | २३४ | २०८ | १६४ | १९३ | २८५ | १३७ | ३०७ | १५२९ |
| ४०-४४ वर्ष | १७० | १७३ | ११५ | १४३ | २५२ | १०४ | २६१ | १२९८ |

| उमेर समुह | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| ४५-४९ वर्ष | १६९ | १३० | १०१ | १११ | १८७ | ७८ | १८७ | ९३६ |
| ५०-५४ वर्ष | १३८ | १३३ | ९३ | ११२ | १४५ | ९५ | १६८ | ८८४ |
| ५५-५९ वर्ष | १०४ | १०७ | ७८ | १०० | १३० | ६२ | १२४ | ७०५ |
| ६०-६४ वर्ष | १३७ | ११५ | ८१ | ९४ | १२२ | ६३ | १३३ | ७४५ |
| ६५-६९ वर्ष | १०६ | ८० | ७५ | ८० | ११७ | ५२ | ९४ | ६०४ |
| ७०-७४ वर्ष | ७१ | ७८ | ५५ | ५९ | ६२ | ३९ | ८५ | ४४९ |
| ७५-७९ वर्ष | ३७ | ४५ | ४२ | ३० | ४६ | २१ | ६५ | २८६ |
| ८० वा सो भन्दा बढी | ५९ | ६४ | १७ | ४५ | ६८ | २७ | ५४ | ३३४ |

*श्रोतः लिसंखु पाखरको पार्श्वचित्र २०७९*

विभिधतामा एकता भनेझैं यस गाउँपालिकामा विभिन्न जातजातीका मानिसहरु आपसमा मिलेर बसोबास गरिरहेका छन् । तामाङ, ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ, राई, मगर, पहरी, दलित आदी जातजातीहरुको बासोबास रहेको यस गाउँपालिकाको जनसङ्ख्यालाई जातजातीका आधारमा निम्न तालिकामा राखी विश्लेषण गर्दा गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये सबैभन्दा बढी सङ्ख्या तामाङ जातीको रहेको छ भने राई जातीको सङ्ख्या सबैभन्दा कम रहेको छ । त्यसैगरी मगर र पहरी जातीको सङ्ख्या पनि तुलनात्मक रुपमा कम रहेको छ ।

विभिन्न जातजातीका मानिसहरुको बसोबास रहेको यस गाउँपालिकाका मानिसहरुले हिन्दु बौद्ध क्रिश्चियन आदी धर्म मान्ने गरेका छन्। तामाङ जातीको बाहुल्यता रहेको यस गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये बौद्ध धर्म मान्नेको सङ्ख्या सबैभन्दा धेरै अर्थात ५७.६ प्रतिशत रहेको छ भने क्रिश्चियन धर्म मान्नेको सङ्ख्या सबैभन्दा कम रहेको छ। त्यसैगरी हिन्दु धर्म मान्ने जनसङ्ख्या ३९.९ प्रतिशत रहेको छ ।

## १.१.३. सामाजिक तथा सांस्कृतिक अवस्था

यस लिसंखु पाखर गाउँपालिकामा तामाङ, गुरुङ, बाहुन, क्षेत्री, नेवार, दलित आदि समुदायका मानिसहरुको बसोबास रहेको पाईन्छ । यी समुदायका मानिसहरुले विभिन्न धर्महरु अवलम्बन गरेको पाईन्छ । जसमा बौद्ध धर्मालम्बीहरुको बाहुल्यता रहेको छ । तामाङ सेलो, बाहुन रतौली, तामाङ झाकी नाच, तामाङ डम्फु जुवाई आदि जस्ता पर्वहरु यहाँका धर्मालम्बीहरुले मनाउने गर्दछन ।

अनेक जाति, भाषा, धर्म र संस्कृति रहेको यहाँ दशै, तिहार, तीज, हरितालिका, श्रीकृष्णजन्माष्टमी,

माघेसंकान्ति आदि चाडवाडहरु मनाईन्छन् । लिसंखु पाखर गाउँपालिकामा प्रख्यात प्रशिद्ध मण्ठपोखरी लगायत अन्य धार्मिक, पर्यटकीय, पुरातात्विक तथा ऐतिहासिक मठमन्दिरहरु रहेका छन् ।

यस गाउँपालिकामा विभिन्न कला संस्कृति, भेषभुषा रहनसहनमा विविधता रहेको पाईन्छ । लगभग ७० भन्दा वढि जातजातीका मानिसहरु यस गाउँपालिका भित्र वसोवास गरेको हुदाँ उनीहरुले आफ्नो आफ्नो जातजाती अनुसार विभिन्न धर्म तथा चाडपर्व मान्ने गर्दछन । विशेष गरि यस गाउँपालिका भित्र वस्ने मानिसहरुले दशैं, तिहार, तीज, हरितालिका, माघे संक्रान्ती, सोनाम लोसार, बुद्धजयन्ती, तमु लोसार, ग्याल्पो सासार, शिवरात्री आदि चाडवाडहरु मान्ने गरेको अध्ययनले देखाएको छ ।

यस लिसंखु पाखर गाउँपालिकामा बसोबास गर्ने विभिन्न समुदायका मानिसहरुले विभिन्न धर्महरु अवलम्बन गरेकोपाईन्छ । जसमा बोद्ध धर्मालम्बीहरुको बाहुल्यता रहेको छ र त्यसैगरी तामाङ सेलो, बाहुन रतोली, तामाङ झाकी नाच, तामाङ डम्फु जुवाई आदि जस्ता पर्वहरु यहाँका धर्मालम्बीहरुले मनाउने गर्दछन । अनेक जाति, भाषा, धर्म र संस्कृति रहेको यस समुदायमा दशैं, तिहार, तीज, हरितालिका, श्रीकृष्ण जन्माष्टमी, माघेसंक्रान्ति आदि जस्ता चाडवाडहरु मनाईन्छन् । सिन्धुपालचोक जिल्लामा रहेको लिसंखु पाखर गाउँपालिका भएका प्राकृतिक सम्पदा र शौन्दर्यताले जिल्लाकै उत्कृष्ट पर्यटकीय स्थल मानिने गाउँपालिकामा पर्दछ । यस गाउँपालिकामा रहेका जलश्रोत, जंगल, हिमाली तथा पहाडी टाकुराहरु पर्यटकीय शौन्दर्यताका प्रमुख तत्वहरु हुन । सुविख्यात सुन्दर पर्यटकीय स्थलहरु, कला, साहित्य र संस्कृतिले गर्दा यो गाउँपालिका प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय दृष्टिकोणले उत्कृष्ट मानिन्छ । यस लिसंखु पाखर गाउँपालिकामा तामाङ, गुरुङ, बाहुन, क्षेत्री, नेवार, दलित आदि समुदायका मानिसहरुको बसोबास गर्ने र यी समुदायका मानिसहरुले विभिन्न धर्महरु अवलम्बन गरेको र साथै तामाङ सेलो, बाहुन रतोली, तामाङ झाकी नाच, तामाङ डम्फु जुवाई आदि जस्ता पर्वहरु यहाँका धर्मालम्बीहरुले मनाउने भएकोले सांस्कृतिक पर्यटकीय दृष्टिकोणले अझ उत्कृष्ट मानिएको छ । त्यसैगरी अनेक जाति, भाषा, धर्म र संस्कृति रहेको र दशैं, तिहार, तीज, हरितालिका, श्रीकृष्ण जन्माष्टमी, माघेसंक्रान्ति आदि चाडवाडहरु यस समुदायका मानिसहरुले उत्साहका साथ मनाउने गर्दछन । लिसंखु पाखर गाउँपालिकामा प्रख्यात प्रशिद्ध मण्ठपोखरी लगायत अन्य धार्मिक, पर्यटकीय, पुरातात्विक तथा ऐतिहासिक मठमन्दिरहरु रहेकोले यो गाउँपालिका थुप्रै पर्यटकहरु भित्र्याउन सफल भएको छ ।

## १.१.४. आर्थिक अवस्थाः

आर्थिक समानता, समृद्धि, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायबाट निर्देशित वर्तमान संविधानले सार्वजनिक, निजी र सरकारी

क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दे शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र सम्वृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ । आर्थिक विकासले सामाजिक सांस्कृतिक भौतिक, परिवर्तनको सवालमा कायपलटरूपी भुमिका खेल्दछ । आर्थिक परिवर्तनले सामाजिक परिवर्तनको गति र दिशालाई पथप्रदर्शन गर्दछ । राम्रो र मजबुत आर्थिक अवस्था भएको समाजमा नयाँ नयाँ परिवर्तनरूपी क्रियाकलापलाई सजिलै आत्मसाथ गर्न सकिन्छ । अन्य विकासको तुलनामा आर्थिक विकास नेतृत्वदायी विकास हो। प्रत्येक सामाजिक प्राणी मानवको संवेदनशील मानसपटलमा आर्थिक तत्वले घच्चघचाई रहेको हुन्छ। वास्तवमा सामाजिक क्रियाकलापको केन्द्रविन्दु नै आर्थिक विकास हो। आर्थिक हैसियतकै आधारमा सामाजिक व्यवहार, मुल्यमान्यता, क्रियाकलाप, सम्बन्धको दायरा तथा अन्य अवस्थाको विकास हुन्छ । जब मानिस आर्थिक रूपले सम्पन्न हुन्छ तब शिक्षा, स्वास्थ्य, सञ्चार, खाद्यसुरक्षा, पोषण लगायतका क्षेत्रमा उसको पहुँच विस्तार हुन्छ। आर्थिक विकाससंग सम्बन्धित विषयवस्तुलाई कमशः तल वर्णन गरिएको छ ।

आर्थिक विकास स्थानीय सरकारको प्रमुख उद्देश्यका रूपमा रहेको हुन्छ। रोजगारीको अवस्था, उद्योगधन्दा तथा भौतिक पुर्वाधारको पूर्ण विकास तथा व्यावसायिक आधुनिक खेति प्रणालीको प्रबर्द्धनबाट आर्थिक विकास हुन सक्ने मानिन्छ ।

पशुपालन यस गाउँपालिकाका ग्रामिण क्षेत्रका मानिसहरुको मुख्य पेशा हो । आफुलाई चाहिने दुध उपभोग गरी बाँकी रहेको दुध विभिन्न डेरीहरुमा बिक्री गरी आय आर्जनको राम्रो श्रोत बन्नुका साथै बालीमा लगाउने मलको आपूर्तिमा पनि यसले मद्दत पुयाएको छ । यस गाउँपालिकाका ग्रामीण क्षेत्रमा मुख्यगरी पालन हुने पशुहरु यस प्रकार छन् ।

**गाईः** कृत्रिम गर्भाधान तथा उन्नत साढेको प्रयोगले स्थानीय गाईहरुमा क्रस ब्रिडिङ भइ स्थानीय गाईहरुको संख्या घटेपनी उन्नत जातको संख्या भने बढ्दो छ ।

**भैसीः** गाईको तुलनामा भैसीको व्यवस्थापन गर्न कठिनाई हुने भएकोले भैसी पालनको क्रम घट्दो देखिन्छ साथै शहरन्नोमुख गाउँहरुमा जग्गा जमिनहरु घडेरीको रुपमा विकास भइरहेकोले पशुको संख्यामा वृद्धि हुन सकेको छैन ।

**बाखाः** मासुको लागि खसी बोका उत्पादन भइरहेका कारण बाखा पालनमा कृषकको आकर्षण देखिन्छ। साथै ग्रामीण क्षेत्रमा बाखा पालनको लागि सुहाउँदो वातावरण भएको कारण बाखा पाल्ने गरेको पाईन्छ

**बंगुरः** शहरी क्षेत्रमा खेर गइरहेका खाद्य वस्तुहरुको सदुपयोग हुने, सानो क्षेत्रमा पनी पाल्न सकिने, शारिरीक तौल छिटो वृद्धि हुने भएकोले बंगुर पालन गर्ने किसानको संख्या पनि छ ।

कुखुरा मासु खानको लागि कुखुराको बजार माग बढिरहेको हुदा यहाँका ग्रामीण बसिन्दाहरु पनि कुखुरा पालनतर्फ आर्कषक बनेको पाइन्छ ।

## १.१.५. शैक्षिक अवस्थाः

शिक्षा व्यक्ति एवं समाज विकासको मेरुदण्ड हो। शिक्षा बिना देश विकासको कल्पना पनि गर्न सकिँदैन। व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले ठूलो सहयोग पुयाएको हुन्छ । आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालबालिकाहरू नै भोलिका देशका कर्णधार हुन् । त्यसैले पनि शिक्षालाई यति धेरै महत्त्व दिनु परेको प्रष्ट छ। भनिन्छ शिक्षा नै सामाजिक परिवर्तनको बाहक हो

यस गाउँपालिकामा विद्यालय, विद्यार्थी, विद्यार्थी भर्नादर, विद्यालय छाड्ने दर, विद्यालय विद्यार्थी अनुपात, विद्यार्थी शिक्षक अनुपात, लैङ्गिक समता सूचकाङ्क र प्राविधिक शिक्षाको विद्यमान अवस्था निम्नानुसार उल्लेख गरिएको छ :

*शैक्षिक कार्यक्रम एवम् शिक्षण संस्था*

| शैक्षिक कार्यक्रम एवम् शिक्षण संस्था | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बाल कक्षा | १८ | १ | १९ | |
| आधारभतू विद्यालय (कक्षा १-५) | ४ | १ | ५ | |
| आधारभतू विद्यालय (कक्षा १-८) | ३ | १ | ४ | |
| माध्यमिक विद्यालय (कक्षा १-१०) | ६ | ० | ६ | |
| माध्यमिक विद्यालय (कक्षा १-१२) | ५ | ० | ५ | |

आधारभूत तर्फका कक्षा १-५ सञ्चालित विद्यालयहरू ४ रहेका छन् भने सोही तहका कक्षा १-८ सञ्चालन हुने विद्यालयहरू ३ ओटा रहेका छन । त्यसैगरी कक्षा १-१० र कक्षा १-१२ सञ्चालन हुने विद्यालयहरूको सङ्ख्या क्रमशः ६ र ५ ओटा रहेका छन् । माध्यमिक तह (कक्षा १-१२) सञ्चालित विद्यालयमा वडा नं २ मा बुद्धोदय माध्यमिक विद्यालयमा कम्प्युटर इन्जिनिअरिङ पठनपाठन हुने गरेको छ।सङ्ख्यात्मक रूपमा शैक्षिक सस्थाहरूको अवस्था पर्याप्त नै देखिन्छ । यी संस्थाहरूको शिक्षा सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाउन सकेमा गाउँपालिकाको समग्र विकासका लागि आवश्यक जनशक्ति विकास हुन जाने अवस्था देखिन्छ।

*कक्षागत विद्यार्थी विवरण*

| कक्षा | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|
| | छात्रा | छात्र | अन्य | जम्मा |
| प्रारम्भिक बाल विकास | ७८ | १२३ | ० | २०१ |
| १ | ६२ | ५७ | ० | ११९ |
| २ | ४७ | ५१ | ० | ९८ |
| ३ | ५० | ४० | ० | ९० |
| ४ | ४३ | ४२ | ० | ८५ |
| ५ | ४७ | ४७ | ० | ९४ |
| ६ | ४९ | ३६ | ० | ८५ |
| ७ | ४५ | ६३ | ० | १०८ |
| ८ | ५६ | ४६ | ० | १०२ |
| आधारभूत तह (बाल विकास केन्द्र-८) | ४७७ | ५०५ | ० | ९८२ |
| ९ | ५२ | ५६ | ० | १०८ |
| १० | ४९ | ५५ | ० | १०४ |
| ११ | १२ | ८ | ० | २० |
| १२ | १८ | १७ | ० | ३५ |
| माध्यमिक तह (९-१२) | १३१ | १३६ | ० | २६७ |

स्रोतः EMIS-२०८३

*सममुदायिक विद्यालयका शिक्षक दरबन्दी विवरण*

| प्रारम्भिक बाल विकास | आधारभूत १-५ | | | | आधारभूत ६-८ | | | | माध्यमिक तह ९-१२ | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | दरवन्दी | राहत | अन्य | जम्मा | दरवन्दी | राहत | अन्य | जम्मा | दरवन्दी | राहत | अन्य | जम्मा | १९७ |
| | ७४ | १५ | १ | ९० | १५ | २० | ४ | ३७ | ८ | १८ | १९ | ४५ | |
| | | | | | | | | | | | | | |

स्रोतः EMIS-२०८३

माथि उल्लेखित अलावा विद्यालयमा सहयोगी २४, विद्यालय सहायक कर्मचारी ११ र विद्यालय नर्स

२ जना पनि कार्यरत छन्।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस पालिकामा कुल साक्षरता दर ६७.४ प्रतिशत रहेको छ। जसमध्ये ७७.५ प्रतिशत पुरुष साक्षरता र ५७.९ प्रतिशत महिला साक्षरता दर रहेको छ।

## १२. सबल पक्षहरू

लिसंखु पाखर गाउँपालिकाले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू लागू गर्दै आएको छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री र अपाङ्गतामैत्री कक्षाकोठा निर्माण गरिएको छ। प्रारम्भिक तहमा खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र अभिभावक सहभागिता कार्यक्रम सञ्चालन गरिएका छन् जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुर्‍याएका छन् ।

आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालक र बालिकाको सहभागिता सन्तुलन कायम गरिएको छ। दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहको सहभागिता बढाउन लक्षित कार्यक्रम सञ्चालन भएका छन् । शिक्षक व्यवस्थापनमा सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिएका छन् । शिक्षक-विद्यार्थी अनुपात सुधार गर्ने, तालिम र क्षमता अभिवृद्धि मार्फत सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू सफल देखिएका छन् ।

पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र ICT उपकरण उपलब्ध गराइएका छन् । विद्यालय भवनमा हरित र वातावरणीय सचेत पूर्वाधार लागू गरेर जलवायु जोखिम न्यूनीकरणमा कदम चालिएको छ। साथै, अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रम मार्फत महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता र व्यावसायिक सीप विकासमा योगदान पुर्‍याइएको छ। आयआर्जन, कृषि, हस्तकला र स्थानीय उत्पादनका तालिमहरूले समुदायमा आत्मनिर्भरता वृद्धि गरेका छन्। स्थानीय तहले विद्यालय व्यवस्थापन समिति र यरिक्स कोयदामुससहभागिता सुनिश्चित गर्दै योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सुधार गरेको छ। विद्यालय र समुदायबीच सहकार्य बढाएर सिकाइ गुणस्तर सुधार, समावेशी शिक्षा विस्तार र बालबालिकाको नियमित उपस्थिति सुनिश्चित गरिएको छ। यसरी लागू गरिएका असल अभ्यासहरूले स्थानीय तहमा समावेशी, गुणस्तरीय, बालमैत्री र दिगो शिक्षा प्रणाली विकासमा महत्वपूर्ण योगदान पुर्‍याएका छन् र अन्य स्थानीय तहका लागि नमुना रूपमा प्रस्तुत गर्न सकिन्छ ।

## १.३ शिक्षा क्षेत्रका समस्याहरू

क) विद्यालय शिक्षामा सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न नसक्नु ।

ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु ।

ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन नसक्नु ।

घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न नसक्नु ।

ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्न नसक्नु ।

च) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न नसक्नु ।

छ) विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी पर्याप्त नहुनु ।

ज) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच नहुनु र प्रभावकारी प्रयोग गर्न नसक्नु ।

झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर पर्याप्त उपलब्ध गराउन नसक्नु ।

ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।

ट) विद्यालय र बालविकास केन्द्रको भौतिक पूर्वाधार विकास पर्याप्त नहुनु ।

ठ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्न नसक्नु ।

## १.४ शिक्षा क्षेत्रका चुनौतिहरू

गाउँपालिकामा सबैका लागी गुणस्तरिय शिक्षाको अवसर सुनिश्चित गर्न निम्नानुसारको समस्या तथा चुनौतीहरु पहिचान गरीएको छ।

क) लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न,

ख) जनसाङ्ख्किीय प्रवृत्ति (विशेषतः जन्म र बसाँई सराई), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन,

ग) स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न,

घ) विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न,

ङ) दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्यांकन प्रणालीमा सुधार र शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न,

च) विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न,

छ) जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र

समान अवसर सुनिश्चित गर्न,

ज) सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलन गर्न,

झ) जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न ।

ञ) विद्यार्थी सङ्ख्या र भौगोलिक दुरी समेतको अध्ययन गरी कम विद्यार्थी, बढी आर्थिक बोझ भएको विद्यालयलाई गाभिनु ।

## १.५ अवसरः

क) विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक व्यवस्थापन

ख) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम लागू/व्यवस्थापन

ग) संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु,

घ) शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,

ङ) प्राविधिक शिक्षाको विस्तारले मानव स्रोत विकास सम्भवना रहेको (मण्डली मावि कृषि प्राविधिक)

च) सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,

छ) स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु,

ज) स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु,

झ) वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु ।

ञ) आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत प्रवन्ध भएको

ट) विद्यालय तहमा खुद भर्नादरमा उल्लेख्य वृद्धि भएको

ठ) लैङ्गिक समता सूचकाङ्क सकरात्मक रहेको

ड) शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता बृद्धि भइ रहेको

# परिच्छेद २ः दुरदृष्टि, उद्देश्य, रणनीति, तथा लक्ष्य निर्धारण

## २.१. दुरदृष्टि

"गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा, लिसंखु पाखर गाउँपालिकाको इच्छा"

## २.२. लक्ष्य

प्रविधिको अधिकतम सदुपयोग गरी गुणस्तरीय र सिपमुलक शिक्षा मार्फत स्थानीय आवश्यकता र श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्ने,

## २.३. उद्देश्यहरू

क) सबै बालबालिकालाई समतामूलक पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।
ख) विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु ।
ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु ।
घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु ।
ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु ।
च) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
छ) विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित गर्नु ।
ज) सूचना तथा सञ्चार प्रविधि पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु ।
झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु ।
ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
ट) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु ।

## २.५ रणनीतिहरू

| उद्देश्य | रणनीति |
|---|---|
| १. सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु | क) बालबालिकाको भर्ना र नियमित उपस्थितिको अनुगमन गर्ने । |
| | ख) विद्यालय पहुँच नपुग्ने क्षेत्रका बालबालिकालाई लक्षित कार्यक्रम सञ्चालन गर्ने । |
| | ग) अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने । |
| | घ) बालबालिकाको स्कूल बस वा यातायात सुविधा उपलब्ध गराउने गर्ने। |
| | ङ) बालबालिकाको नियमित उपस्थितिका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने । |

| उद्देश्य | रणनीति |
|---|---|
| २. विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु | क) बालिकाका लागि भर्ना र समर्थन कार्यक्रम लागू गर्ने । |
| | ख) शिक्षक र समुदायलाई लैङ्गिक समावेशी तालिम प्रदान गर्ने । |
| | ग) विद्यालय स्तरमा समावेशी नीति र अनुगमन प्रक्रिया विकास गर्ने । |
| | घ) लैङ्गिक र सामाजिक समावेशी शिक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) समावेशी बालबालिकाको सहभागिता र नियमित उपस्थितिको अनुगमन गर्ने । |
| ३. अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु | क) अपाङ्गतामैत्री पूर्वाधार निर्माण गर्ने । |
| | ख) सहायक सिकाइ सामग्री उपलब्ध गराउने गर्ने । |
| | ग) शिक्षकलाई समावेशी शिक्षण तालिम प्रदान गर्ने । |
| | घ) लक्षित समूहका बालबालिकाको नियमित उपस्थितिको अनुगमन गर्ने । |
| | ङ) अभिभावक र समुदायलाई समावेशी शिक्षा विषयमा सचेत पार्ने गर्ने । |
| ४. पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु | क) शिक्षक- विद्यार्थी अनुपात सुधार र गुणस्तरीय शिक्षक नियुक्ति गर्ने । |
| | ख) सिकाइ मूल्याङ्कन र सुधार कार्यक्रम नियमित सञ्चालन गर्ने । |
| | ग) पाठ्यक्रम अनुसार सहायक सिकाइ सामग्री उपलब्ध गर्ने । |
| | घ) शिक्षकलाई नयाँ शिक्षण विधिमा तालिम प्रदान गर्ने । |
| | ङ) सिकाइ उपलब्धिको अनुगमन र रिपोर्टिङ प्रणाली विकास गर्ने । |
| ५. बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु | क) सुरक्षित, बालमैत्री र अपाङ्गता-मैत्री कक्षाकोठा निर्माण गर्ने । |
| | ख) खेलकुद, पुस्तकालय र प्रयोगशाला जस्ता पूर्वाधार सुधार गर्ने । |
| | ग) बालबालिकाको सहभागिता र अभिभावक सहयोगद्वारा विद्यालय वातावरण सुधार गर्ने । |
| | घ) विद्यालय परिसर सफाइ र हरित कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) विद्यालयमा स्वास्थ्य र सुरक्षा उपाय लागू गर्ने । |
| ६. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | क) समुदाय र शिक्षकको सहभागिता सहित स्थानीय पाठ्यक्रम विकास गर्ने, अद्यावधिक गर्ने। |
| | ख) स्थानीय सन्दर्भअनुकूल सिकाइ सामग्री उपलब्ध गर्ने । |
| | ग) शिक्षकलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन तालिम प्रदान गर्ने । |
| | घ) पाठ्यक्रम कार्यान्वयन अनुगमन र सुधार गर्ने । |
| | ङ) विद्यार्थीको सन्दर्भ अनुकूल मूल्याङ्कन प्रणाली लागू गर्ने । |

| उद्देश्य | रणनीति |
|---|---|
| ७. विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी सुनिश्चित गर्नु | क) आवश्यक शिक्षक दरबन्दी पहिचान र पूर्ति गर्ने । |
| | ख) विषयगत दक्षता अनुसार शिक्षक नियुक्ति गर्ने । |
| | ग) शिक्षक व्यवस्थापन र अनुगमन प्रणाली मजबुत गर्ने । |
| | घ) शिक्षक प्रशिक्षण र पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) शिक्षक - विद्यार्थी अनुपात सुधार सुनिश्चित गर्ने । |
| ८. सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु | क) विद्यालयमा ICT उपकरण र इन्टरनेट सुविधा उपलब्ध गर्ने । |
| | ख) शिक्षक र विद्यार्थीलाई ICT तालिम प्रदान गर्ने । |
| | ग) डिजिटल सामग्री र प्रविधि आधारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने । |
| | घ) ICT प्रयोग अनुगमन र सुधार कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) स्थानीय समुदायमा ICT—सञ्चार प्रशिक्षण कार्यक्रम उपलब्ध गर्ने । |
| ९. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउन गर्नु | क) समुदायमा साक्षरता र जीवनपर्यन्त शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| | ख) महिला, युवा र लक्षित समूहका लागि अनौपचारिक शिक्षा कार्यक्रम उपलब्ध गर्ने । |
| | ग) शिक्षा कार्यक्रमको अनुगमन र गुणस्तर सुधार गर्ने । |
| | घ) स्थानीय पुस्तकालय र ज्ञान केन्द्रको प्रयोग विस्तार गर्ने । |
| | ङ) जीवनपर्यन्त शिक्षा सम्बन्धी सामग्री र स्रोत उपलब्ध गर्ने । |
| १०.वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | क) स्कूल बाहिरका बालबालिका र किशोरीका लागि कार्यक्रम सञ्चालन गर्ने । |
| | ख) समुदाय र स्थानीय संस्थासँग सहकार्य गरेर वैकल्पिक शिक्षा विस्तार गर्ने । |
| | ग) वैकल्पिक शिक्षाको गुणस्तर अनुगमन र सुधार गर्ने । |
| | घ) स्थानीय सन्दर्भअनुकूल वैकल्पिक सामग्री विकास गर्ने । |
| | ङ) शिक्षक र प्रशिक्षकको क्षमता अभिवृद्धि गर्ने । |

| उद्देश्य | रणनीति |
|---|---|
| ११.विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु- उत्थानशीलता सुनिश्चित गर्ने | क) कक्षाकोठा, शौचालय, खानेपानी, खेलकुद र पुस्तकालय निर्माण गर्ने । |
| | ख) विद्यालय पूर्वाधार जलवायु जोखिम प्रतिरोधी ढाँचामा निर्माण गर्ने । |
| | ग) पूर्वाधारको नियमित मर्मत सम्भार सुनिश्चित गर्ने। |
| | घ) स्थानीय समुदाय र संघसंस्थासँग सहकार्य गर्ने। |
| | ङ) भौतिक पूर्वाधारको गुणस्तर अनुगमन गर्ने । |
| | च) बालबालिकाको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै पूर्वाधार सुधार गर्ने । |
| | छ) जलवायु अनुकूल हरित कार्यक्रम सञ्चालन गर्ने । |
| | ज) प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय अनुगमन गर्ने । |
| | झ) शिक्षक र विद्यार्थीलाई वातावरणीय सुरक्षा तालिम प्रदान गर्ने । |
| | ञ) विद्यालय स्तरमा जलवायु सचेतना र आपतकालीन तयारी कार्यक्रम सञ्चालन गर्ने । |

## २.६ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

ख) विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित भएको हुनेछ।

ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध भएको हुनेछ।

घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल भएको हुनेछ।

ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार भएको हुनेछ।

च) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।

छ) विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित भएको हुनेछ।

ज) सूचना तथा सञ्चार प्रविधि ICT पहुँच विस्तार गरी प्रभावकारी प्रयोग भएको हुनेछ।

झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध भएको हुनेछ।

ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।

ट) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित भएको हुनेछ।

## २.७ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

वर्तमान अवस्थाको विश्लेषण गरी आवश्यकताको पहिचान तथा प्राथमिकताका आधारमा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गरी निम्नानुसारका कार्यसम्पादन सूचकहरू पहिचान गरी योजना अवधिभरमा

हासिल हुने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् । सूचकहरुमा राष्ट्रिय तथा प्रदेशगतरुपमा आधार वर्ष र स्थानिय तहको आधार वर्षको आधार लिइ तय गरिएको छ।

योजनाले योजना अवधिभर हासिल गर्नु पर्ने मुख्या कार्यसम्पादन सूचक तथा लक्षहरू देहायबमोजिम तय गरिएको छ। आधारभूत सूचनाको अभाव रहेका सूचकमा लक्ष्य प्रक्षेपण गरिएको छैन ।

| क्र. स. | सूचक | | आधार वर्ष २०८२/८३ | २०८४ | २०८७ | २०९२ | कार्यसम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ८६.४ | ८७ | ९० | ९५ | |
| | | प्रदेश | ११२.६ | १०४ | १०१ | | |
| | | राष्ट्रिय | १०१ | ८९.५ | ९४.० | ९९.० | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ७२ | ९० | ९२ | ९५ | |
| | | प्रदेश | ७६.९ | | | | |
| | | राष्ट्रिय | ७६.९ | ७३.० | ८५.० | ९५.० | फ्ल्यास रिपोर्ट |
| २. आधारभूत शिक्षा कक्षा १-८ | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९२.१ | ९४ | ९६ | ९९ | |
| | | प्रदेश | ९३.८ | | | | |
| | | राष्ट्रिय | ९६.७ | ९७.५ | ९९ | १०० | फ्ल्यास रिपोर्ट |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १०८.७ | १०७ | १०६ | १०५ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५ | १०७ | १०५ | फ्ल्यास रिपोर्ट |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६.१ | ९७ | ९८ | १०० | |
| | | प्रदेश | ९३.८ | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. (रा. समीक्षा) |

| क. स. | सूचक | | आधार वर्ष २०८२/८३ | २०८४ | २०८७ | २०९२ | कार्यसम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ११५.० | १०८ | १०५ | १०१ | |
| | | प्रदेश | ११८.५ | | | | |
| | | राष्ट्रिय | ११८. | ११५. | | | फ्ल्यास रिपोर्ट |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११३. | ११०. | १०७. | १०५. | फ्ल्यास रिपोर्ट |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८२.६ | | | | |
| | | प्रदेश | ९३.३ | | | | |
| | | राष्ट्रिय | ९३. | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | | | | | |
| | | प्रदेश | ८२.९ | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | फ्ल्यास रिपोर्ट |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | फ्ल्यास रिपोर्ट |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.९५ | | | | |
| | | प्रदेश | १.०१ | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९४.३ | | | | |
| | | प्रदेश | ९४.४ | | | | |
| | | राष्ट्रिय | ९३.८ | ९९. | | १०० | |

| क्र. स. | सूचक | | आधार वर्ष २०८२/८३ | २०८४ | २०८७ | २०९२ | कार्यसम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११३ | | | | |
| | | प्रदेश | १२६ | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | फ्ल्यास रिपोर्ट |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८०.७ | | | | |
| | | प्रदेश | ८७.९ | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | | दि.वि.ल. (रा. समीक्षा) |
| | | | | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.९५ | | | | |
| | | प्रदेश | १ | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | फ्ल्यास रिपोर्ट वि.क्षे.वि.यो. |
| २.१६ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | स्थानीय | ० | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २.९ | १ | | | दि.वि.ल. (रा. समीक्षा) |
| २.१७ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | दि.वि.ल. (रा. समीक्षा) |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ५८.९ | ६० | ७० | | |
| | | प्रदेश | ५५.० | | | | फ्ल्यास रिपोर्ट |
| | | राष्ट्रिय | ५५.८ | | | | पन्ध्रौं योजना |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ८०.८ | ९० | ९५ | | |
| | | प्रदेश | ९४ | | | | |
| | | राष्ट्रिय | ८०.६ | | | | |

| क. स. | सूचक | | आधार वर्ष २०८२/८३ | २०८४ | २०८७ | २०९२ | कार्यसम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | | | | पन्ध्रौं योजना |
| | | प्रदेश | | | | | वि.क्षे.वि.यो. |
| | | राष्ट्रिय | १.०२ | १. | १. | | दि.वि.ल. (रा. समीक्षा) |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | फ्ल्यास रिपोर्ट |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | फ्ल्यास रिपोर्ट |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४. | | | | फ्ल्यास रिपोर्ट |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | फ्ल्यास रिपोर्ट |
| | | राष्ट्रिय | २०.६ | २२. | २७. | | दि.वि.ल. (रा. समीक्षा) |
| ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ५८. | | ९५. | | पन्ध्रौं योजना |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६७.८ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८२. | ८९. | ९५. | | दि.वि.ल. (रा. समीक्षा) |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९२. | | ९९. | | पन्ध्रौं योजना |

| क. स. | सूचक | | आधार वर्ष २०८२/८३ | २०८४ | २०८७ | २०९२ | कार्यसम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | | दि.वि.ल. (रा. समीक्षा) |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २८:०१:०० | २९:०१:०० | ३०:०१:०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४:०१:०० | | ३०:०१:०० | | फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | ३०:०१:०० | | फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | | पन्ध्रौं योजना |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ३५:०१:०० | ३३:०१:०० | ३०:०१:०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४०:०१:०० | | ३०:०१:०० | | फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | २४:०१:०० | २६:०१:०० | ३०:०१:०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | | पन्ध्रौं योजना |

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू

देशको आर्थिक विकास तथा सामाजिक विकास, राजनैतिक परिर्वतन र स्थिरता तथा रूपान्तरणको सशक्त माध्यम शिक्षा हो। गुणस्तरीय शिक्षा प्राप्त गर्नु नागरिकको मौलिक हकको रूपमा नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको छ। सोही संविधान अनुसार शासकीय स्वरूप अनुरूप देशको विकास तथा समृद्धिको लागि तीन तहको सरकारको समन्वय, सहकार्य, सहयोग तथा लगानी जरुरी छ। स्थानीय तहको शिक्षा क्षेत्रको कार्य जिम्मेवारी अन्तर्गत प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम, अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन र विकास, गुणस्तरीय शिक्षा, दूर तथा खुला शिक्षा, सूचना प्रविधिमा आधारित शिक्षा, पोषण तथा विद्यालय सरसफाइ र विपद् व्यवस्थापन लगायत पर्दछन् । यी क्षेत्रहरूमा यस गाउँपालिकाको विद्यमान अवस्थाको विश्लेषण गरी देखिएका समस्या तथा चुनौतीहरूको सामना गर्न उपयुक्त रणनीति मार्फत शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा बढोत्तरी गर्दै गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्नुपर्ने आवश्यकता भए अनुसार यस गाउँपालिकाका शिक्षाका क्षेत्रगत विश्लेषण र भावी रणनीति तथा कार्यक्रमहरू निम्नानुसार प्रस्तुत गरिएको छ।

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.१.१ परिचय

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ। सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् ।

### ३.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा हाल १८ ओटा अनुदान प्राप्त प्रारम्भिक बालविकास कक्षा/केन्द्रहरू सञ्चालनमा छन्। १८ ओटा सामुदायिक विद्यालयमा १ वा २ ओटा प्रारम्भिक बालविकास केन्द्र आवद्ध छन् । सबै बालविकास सहजकर्ताहरू कक्षा १० वा सोभन्दा बढी शैक्षिक योग्यता प्राप्त छन् ।

शैक्षिक सत्र २०८३ को तथ्याङ्क अनुसार ७८ बालिका र १२३ बालक गरी २०१ जना बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भई सिकिरहेका छन् । कुल भर्ना दर ८६ प्रतिशत देखिएबाट ४ वर्ष उमेर समूहका केही बालबालिकाहरू अझै सहभागी नरहेको देखिन्छ । बालविकास शिक्षकहरूको पारिश्रमिक ज्यादै कम भएको कारणले पनि उनीहरूमा उत्प्रेरणा जगाउन र मनोबल बढाउन केही रकम स्थानीय स्रोतबाट थपिएको छ तथापी यो पर्याप्त भने छैन । अधिकांश प्रारम्भिक बालविकास केन्द्रहरूमा प्रारम्भिक बालविकासका मापदण्ड अनुसार न्यूनतम भौतिक र शैक्षिक सुविधा पुर्‍याउन सकिएको छैन ।पिछडिएका समुदायका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच पुर्याउने, सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्ने र बालविकास शिक्षकहरूको पारिश्रमिक वृद्धि, वृत्ति विकास तथा क्षमता विकास गर्ने कार्य अझै चुनौतीपूर्ण नै छन्।

## ३.१.३ उदेश्यः

क) चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,

ख) प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,

## ३ ४.१.रणनीतिहरू

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

ग) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

घ) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

ङ) लागत सहभागिता अभिवृद्धि गर्ने,

च) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

छ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

ज) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,

झ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

ञ) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,

ट) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

## ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ. उपलब्धि

क) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

### आ. नतिजा

क) प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुनेछ,

ख) प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुनेछ,

ग) सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछ,

घ) बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुनेछ,

ङ) भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुनेछ,

च) प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुनेछ।

## इ. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

प्रारम्भिक वालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | पटक | १ | | | | | १ | १ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | | | | १ | १ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँग सहकार्य गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | ओटा | | २ | २ | २ | २ | ८ | २० | |
| ६ | सहयोगी कार्यकर्ता र शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | | | | | १ | १ | |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ९ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | ओटा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| १० | सहजकर्ताको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| ११ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १२ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | | | | | | | | |
| १३ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | अभिभावक तथा समुदायका सदस्य मार्फत् स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | | | | | | | | |
| १६ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घ संस्थाहरूको सहभागीता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १८ | सहयोगी (आया) को व्यवस्था | जना | | २ | २ | २ | २ | ८ | | |
| १९ | न्यूनतम मापदण्ड पूरा गरेका नमुना बालविकास केन्द्रहरू स्थापना गरिनेछ। | वडा | १ | ३ | ३ | ० | ० | ७ | ७ | |
| २० | प्रारम्भिक वालविकास तथा शिक्षाका शिक्षकको सेवा तथा सुविधामा वृद्धि गर्ने | पटक | | | १ | | | १ | २ | |

# ३.२ आधारभूत शिक्षा

## ३.२.१ परिचय

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो। शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ । नागरिकको सर्वाङ्गिण विकासको आधारनै शिक्षा हो। शिक्षा कुनैपनि देशको राष्ट्रिय पुँजि हो जसले भविश्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ। शिक्षाले सक्षम, सवल, सभ्य, समावेशि, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ।शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजि निर्माण हो। त्यस्तो पुँजी परिचालनले लपाने धझ्रस", सुखि नेपाली"को दीर्घकालिन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ ।शिक्षाका उल्लेखित मार्गदर्शन पुरा गर्ने आधार आधारभुत शिक्षाको कुशल सफल मितव्ययी समावेशि र समन्यायिक व्यवस्थापन हो। शिक्षाको आधारनै आधारभूत शिक्षा हो।आधारभुत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयत्रवाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानुनि व्यवस्था शिक्षा सम्वन्धि योजना कार्यक्रम आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ।

नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधन २०७२ को धारा ३१ मा आधारभूत शिक्षा नि शुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिल बमोजिमका नीतिगत तथा कानुनि व्यवस्था गरिएको छ। नेपालको संविधान २०७२ को अनुसुची ८ खण्ड ८ मा आधारभुत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ। संविधानको अनुसुचि ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ। शिक्षा ऐन २०२८ शंशोधन सहित शिक्षा नियमावलि शंशोधन सहित २०५९ शिक्षक सेवा आयोगको नियमावली शंशोधन सहित २०५७ को व्यवस्था गरिएको छ। स्थानिय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ। दीगो विकासको चौंथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ।सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुनसकुन भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभुत शिक्षाको सुनितश्चितता गर्ने, दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ। चालु १५औं पञ्वर्षिय योजनाले निर्धारण गरेको गुणस्तरीय प्रवद्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरिएको छ।

## ३.२.२ वर्तमान अवस्था

यसका १८ ओटा सामुदायिक विद्यालयहरूमध्ये कक्षा ८ सञ्चालन भएका ३ ओटा र कक्षा ५ सम्म सञ्चालित ४ ओटा विद्यालयहरू रहेका छन् । आधारभूत तहको अनुमति प्राप्त संस्थागत विद्यालय १ ओटा मात्र रहेको छ। प्राथमिक तहमा ७४ स्वीकृत दरबन्दी, १५ राहत तथा निम्न माध्यमिक तहमा १५ स्वीकृत दरबन्दी, २० राहत र अन्य गरी आधारभूत तहमा जम्मा १२७ शिक्षकहरू रहेका छन् । शैक्षिक सत्र २०८३ को तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा कक्षा १ देखि ८ सम्म छात्रा ४७७ र छात्र ५०५ गरी जम्मा ९८२ विद्यार्थी अध्ययनरत छन्। आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्‍याउन विगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप कक्षा १-५ र १-८ को खुद भर्नादर क्रमशः ९६ र ९४.३ प्रतिशत पुगेको छ। विशेषगरी दलित, जनजाति र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालय बाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन् । आधारभूत शिक्षाको पहुँचमा आर्थिक र सामाजिक स्थितिमा आधारित असमानताहरू विद्यमान छन् । आर्थिक र सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति, कठिन परिस्थितिमा रहेका क्षेत्रका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ। कक्षा ८ को टिकाउ दर र आधारभूत शिक्षाको तह पूरा गर्ने दर करिब ८३ प्रतिशत रहेको छ। महिला शिक्षकको अनुपात ३५ प्रतिशत रहेको छ। प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरेका विद्यालयहरू करिब ५० प्रतिशत रहेका छन् । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजाजस्ता सेवाहरूमा विस्तार एवम् सुधार गर्नुपर्ने छ। पेसागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ ।

## ३.२.३ उद्देश्य

क) आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
ख) आधारभुत तहको शिक्षामा गुणस्तर सुनिश्चत गर्नु
ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

## ३.२.४ रणनीतिहरू

क) विद्यालय नक्साङ्कन गर्ने
ख) विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने
ग) अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमा गर्ने

घ) अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने

ङ) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्ने आवश्यक व्यवस्था मिलाउने

च) न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

छ) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तह प्रति जवाफदेही बनाउने

ज) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

झ) विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने

ञ) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने

ट) शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने

ठ) कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने

ड) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

ढ) मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने

ण) विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने

त) कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने

थ) शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने

द) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चाल नगर्ने

ध) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने

न) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने

ऩ) विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने

प) विद्यालय शिक्षालाई प्रकोप, संकटत था महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

फ) विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने

ब) दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने

भ) अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने

म) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने

य) नतिजा प्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने

र) विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने

ऱ) शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ. उपलब्धि

क) अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

### आ. नतिजा

क) सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागि हुने

ख) सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुने

ग) न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने

घ) आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने

ङ) बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने

च) विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने

छ) विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने

ज) बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने

झ) आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने

ञ) विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने

ट) सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने

ठ) जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने

## इ. आधारभूत तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन | पटक | १ | | १ | | | २ | ४ | |
| २ | दरबन्दि पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | आधारभूत तहका शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ६ | कक्षा ६ देखि ८ का छात्रालाई स्यानिटरी प्याड | छात्रा | सबै | सबै | सबै | सबै | सबै | | | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | | ३ | ४ | | | ७ | २५ | |
| ८ | Early Grade को न्यूनतम प्याकेज व्यवस्थापन र संचालनका लागि विद्यालयलाई अनुदान | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | १२० | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १२ | पाठ्यपुस्तक व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १४ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १५ | व्यवस्थित परीक्षा प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १६ | शैक्षिक सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | अभिभावक अभिमुखीकरण र सहभागीता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| २० | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| २१ | कक्षा १ देखि ३ सम्मको बालबालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| २२ | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालबालिकालाई भरपुर पढाईको अवसर प्रदान | सबै विद्यालयमा | √ | √ | √ | √ | √ | √ | √ | |

# ३.३ माध्यमिक शिक्षा

## ३.३.१ परिचय

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यवसायिकधारको सुरुवात गरिएको छ। यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ। नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

नेपालको संविधान बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन कार्य स्थानीय तहको जिम्मेवारी भित्र रहेको छ। सो व्यवस्थालाई सफल कार्यान्वयन गर्नका लागि शिक्षाका राष्ट्रिय उद्देश्यहरू निर्धारण गरिएको छ। विद्यालय अन्तर्गत माध्यमिक तहको शिक्षाको सक्षमता राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको छ। यस गाउपलिका भित्र माध्यमिक तहको शिक्षामा पहुँचको अवस्था भौगोलिक अवस्थामा कठिनाइ भएता पनि समतामूलक पहुँचको सुनिश्चितताका साथै गुणस्तर र सान्दर्भिकतामा सुधार ल्याउन शिक्षालाई जीवन र प्रविधिसँग जोड्ने कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

## ३.३.२ वर्तमान अवस्था

यस गाउँपालिकामा जम्मा ११ ओटा माध्यमिक सामुदायिक विद्यालय सञ्चालनमा छन् । कक्षा १० सम्म सञ्चालित ६ ओटा र कक्षा १२ सम्म सञ्चालित ५ ओटा माध्यमिक विद्यालय रहेका छन् । माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार हुने क्रममा छ। कक्षा ९-१२ को खुद भर्नादर ५८.९ प्रतिशत (*EMIS २०८३*) मात्र पुगेको देखिनु साथै कक्षा १ मा भर्ना

भएका बालबालिकामध्ये कक्षा १२ सम्म पुग्ने दर कम रहेको छ। कक्षा ८ र १० पछि ठूलो सङ्ख्यामा बालबालिकाहरूले विद्यालय छाड्ने प्रवृत्ति धेरै छ। विशेषगरी दलित, जनजाति र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालय बाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन् । सामुदायिक विद्यालयको कक्षा ९-१० मा स्वीकृत दरबन्दी ८, राहत १८ र अन्य १९ गरि जम्मा ४५ शिक्षकहरू कार्यरत छन् । बहुवञ्चितिमा परेका समुदायका बालबालिकाहरूको पहुँच कम देखिन्छ । कक्षा १०, ११ र १२ का परीक्षाहरूको नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेको कारणले उच्च शिक्षाबाट समेत बञ्चित छन् । शिक्षकलाई नयाँ ज्ञान, सिप र प्रविधिमा अद्यावधिक गराई सिकाइ सुधार जरूरी देखिन्छ ।

## ३.३.३ उद्देश्य

क) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

## ३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन गर्ने,

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,

ङ) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

च) वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,

छ) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,

ज) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,

झ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,

ञ) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,

ट) शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,

ठ) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,

ड) विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,

ढ) विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,

ण) सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,

त) आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ. उपलब्धि

क) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

### आ. नतिजा

क) सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्वत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,

ख) सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,

ग) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,

घ) पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,

ङ) माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,

च) माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,

छ) माध्यमिक विद्यालयहरू प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,

ज) सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,

झ) माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,

ञ) माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने ।

## इ. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | विद्लय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकिन गर्ने र सीमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | | | | | १ | १ | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रवन्ध गर्ने | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ५ | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेराबार, शौचालय) | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ५ | सङ्घ र स्थानीय तह |
| ५ | प्रविधि तथा व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | ३० | ३० | | १०० | | सङ्घ, प्रदेश र स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| ६ | विव्यस, शिअसङ्घ पदाधिकारीहरूको क्षमता विकास र अभिमुखीकरण | प्रतिशत | २० | २० | ३० | ३० | | १०० | | प्रदेश तथा स्थानीय तह |
| ७ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | १ | | | | | १ | १ | स्थानीय तह |
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | १०० | | सङ्घ र स्थानीय तह |
| ९ | विभिन्न किसिममा अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ तथा स्थानीय तह |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग र छात्रवृत्ति | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ४०० | |
| १२ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १३ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| १४ | गणित प्रयोगशाला व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ६ | |
| १५ | विज्ञान प्रयोगशाला व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ६ | |
| १६ | भाषा प्रयोगशाला व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ६ | |
| १७ | सामाजिक सङ्ग्रहालय व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ६ | |

# ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम

## ३.४.१ परिचय

प्राविधिक तथा व्यवसायिक शिक्षा, रोजगारीका अवसरहरूको सृजना नै गाउँपालिकाको विकास तथा देशको समृद्धिको आधार हो। यस क्षेत्रको विकास र विस्तारको क्रममा हाल प्राविधिक शिक्षा तथा तालिम परिषद्वाट सञ्चालित कार्यक्रमहरू, विद्यालय तहको कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित माध्यमिक शिक्षा र विविध क्षेत्रमा व्यावसायिक तथा सिप विकासमा आधारित तालिमहरू सञ्चालनमा रहेका छन् । प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको विकास र विस्तारको क्रममा सङ्घीय व्यवस्थाबमोजिम सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा रहने गरी प्राविधिक शिक्षा तथा व्यावसयिक तालिम परिषद्को व्यवस्था गरिएको छ।

## ३.४.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ ओटा आङ्गिक पोलिटेक्निक शिक्षालयहरू, १७ ओटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ४३४ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ ओटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६)। यस गाउँपालिकामा वडा नं २ मा माध्यमिक तह (कक्षा १-१२) सञ्चालित बुद्धोदय माध्यमिक विद्यालयमा कम्प्युटर इन्जिनिअरिङ पठनपाठन हुने गरेको छ।

## ३.४.३ उद्देश्य

क) गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार र उद्धमशिलता अभिवृद्धि गर्नु

## ३.४.४ रणनीति

क) प्राविधिक बिषय पढ्न चाहने दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्ने,

ख) प्राविधिक विद्यालयमा सिक्दै कमाउँदै कार्यक्रम मार्फत उद्धमशिलता अभिवृद्धि गर्ने,

## ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ) उपलब्धी

क) गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार र उद्धमशिलता अभिवृद्धि

भएको हुने,

## आ) नतिजा

१) प्राविधिक धारको शिक्षाको सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुदृढ भएको हुने ।

२) प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयको प्रयोगशाला, मेशिनरी र अभ्यास स्थलको सुदृढीकरण भएको हुने ।

३) सामुदायिक विद्यालयमा उद्यमशिलता प्रवर्धन कार्यक्रम भएको हुने ।

## इ. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य/ इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | प्रयोगशाला व्यवस्थापन सहयोग | विद्यालय | | १ | १ | | | २ | २ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| २ | विद्यालयमा प्राविधिक शिक्षा (बाली विज्ञान पशु विज्ञान सिभिल इञ्जिनियरिङ इत्यादि) कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | १ | | | ३ | ३ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | ओटा | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | १ | |
| ५ | युवालाई खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | | १० | १० | १० | १० | ४० | ८० | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग | सङ्ख्या | | ५ | ५ | ५ | १० | २५ | ५० | |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| | प्रति विद्यार्थी लागत अनुदान | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | प्रशिक्षक र सहायक प्रशिक्षकको तलब व्यवस्थापन | प्रशिक्षक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ :

### ३.५.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन्, आफ्नो जीवनको इतिहास आफै लेख्छन । तसर्थ सिकाई जीवन पद्धतिसंग जोडिएको हुनेछ। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाईको पहुँचको विस्तार, गुणस्तर बृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ। शिक्षा क्षेत्र योजना २०८३-२०९२ ले अनौपचारिक शिक्षा र आजीवन सिकाईका लागि १० वर्षभित्र निरन्तर सिकाईमा संलग्न समाज एव सिकाई संस्कृतिको प्रवद्र्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाईको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एव चुनौतिहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ।

### ३.५.२ वर्तमान अवस्था

यस पालिकामा २ ओटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन् । शिक्षाको अवसरबाट वञ्चित भएका, गरिबीको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित आयआर्जन कार्यक्रम, सीपमूलक कार्यक्रम, चेतनामूलक कार्यक्रम र पुस्तकालय सञ्चालन गर्ने उद्देश्य सामुदायिक सिकाइ केन्द्रको रहेको छ। केन्द्रले आयआर्जनका लागि समूह गठन तथा परिचालन तथा पुस्तकालय व्यवस्थापनको काम गरिरहेको छ। यस गाउँपालिकाको साक्षरता दर

६७.४ प्रतिशत रहेको छ। जस्मा महिला साक्षरता दर ५७.९ प्रतिशत र पुरूषको साक्षारता दर ७७.५ प्रतिशत (राष्ट्रिय जनगणना २०७८) रहेको छ। यसकारण यसमा अनौपचारिक शिक्षाका कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

## ३.५.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाई सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

क) अनौपचारिक तथा निरन्तर एवं जीवन प्रयन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,

ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

ग) आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु ।

## ३.५.४ रणनीतिहरू

क) गाउँपालिका भित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गर्ने,

ख) सामुदायिक सिकाई केन्द्रलाई सदृढिकरण गरी अनौपचारीक शिक्षाको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने,

ग) साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग सहकार्र्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने,

घ) नवसाक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायीक बनाउन सहयोग गर्ने,

ङ) सामुदायिक सिकाई केन्द्रहरु मार्फत मत र अभिमत सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धनमा जोड गर्ने,

च) सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने,

छ) सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,

ज) सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने,

झ) सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय,

वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,

ञ) सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,

ट) सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

## ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### अ) उपलब्धि

क) सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त हुनेछ।

### आ) नतिजा

क) सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,

ख) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने

ग) सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,

घ) सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,

ङ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,

च) अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने ।

## इ) प्रमुख क्रियाकलाप तथा लक्ष्य

अनौपचारिक शिक्षा र आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र यसका आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समूहबाट अवधारणा पत्र तयार गराई अभिमुखीकरण गर्ने | पटक | १ | | | | | १ | १ | |
| २ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कहरूको डाटाबेस तयार गर्ने | पटक | | १ | | | | १ | १ | सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक पुस्कालयको व्यवस्थापन गरी सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने | सङ्ख्या | | | १ | | | १ | १ | सङ्घ |
| ४ | सामुदायिक केन्द्रमा सूचना तथा सञ्चारप्रविधि मैत्री उपकरणको व्यवस्था गर्ने | पटक | | १ | १ | | | २ | १ | |
| ५ | सामुदायिक सिकाई केन्द्रहरूको क्षमता अभिबृद्धि | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ६ | सामुदायिक सिकाई केन्द्रहरूको व्यवस्थापन अनुदान | तह | १ | | | | | १ | १ | |
| ७ | सरकारी तथा गैर सरकारी निकाय तथा स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य गर्ने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ८ | सिप विकास र आयआर्जनमा कार्यक्रम संचालन | ओटा | | १ | १ | १ | | ३ | ६ | सङ्घ |
| ९ | अनौपचारिक तथा आजिवन सिकाइको तथ्याङ्क व्यवस्थापन/ इमिस अद्यावधिक | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १० | कक्षा १ देखी ४ सम्मको सिकाइको लागि खुला विद्यालय स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | १ | १ | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम विद्यालयद्वारा बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप, अभिवृत्ति तथा सम्पूर्ण अनुभवहरू व्यवस्थित गरिएको योजना हो। पाठ्यक्रममा सिकारुले हासिल गर्ने सम्पूर्ण शैक्षिक अनुभवहरूलाई समेटिएको हुन्छ। यसले समग्र शैक्षिक प्रणालीको मार्गदर्शन गर्दछ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने प्रमुख दायित्व शिक्षकको हो। त्यसैले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन शिक्षकलाई पाठ्यक्रमको कार्यान्वयनका लागि तालिमको आवश्यकता पर्दछ। पाठ्यक्रमको प्रभावकारी मापनको आधार मूल्याङ्कन हो। शैक्षिक सुपरीवेक्षण, विद्यालय व्यवस्थापनले पाठ्यकम कार्यान्वयनलाई नै प्रभावकारी बनाउँछ। पाठ्यक्रमलाई मुख्य पाठ्यक्रम, ऐच्छिक पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम गरी व्यवस्था गरिएको छ। यसलाई राष्ट्रिय प्रारूप ढाँचा तथा योग्यता प्रारूप ढाँचाबाट निर्देशित गरिएको हुन्छ । विद्यमान विद्यालय तहको पाठ्यक्रममा कक्षा १ देखि कक्षा ८ सम्म एक/एक ओटा विषय स्थानीय पाठ्यक्रम वा मातृभाषा रहने व्यवस्था गरिएको छ। यसको पाठ्यक्रम विकास तथा कार्यान्वयनको अधिकार स्थानीय तहहरूलाई दिइएको छ। स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ अनुसार स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्न स्थानीय तहले सबै शिक्षकहरूको क्षमता विकास तथा यसको कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने व्यवस्था छ।

### ४.१.२ वर्तमान अवस्था

पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधारतथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भई वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन भएको अवस्था छ।

यस गाउँपालिकामा वि सं २०७९ देखि कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ। पाठ्यक्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हालसम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले निःशुल्क व्यवस्था मिलाएको छ। विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ। पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत

सम्म भारको प्रयोगात्मक कार्य, परियोजन कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास लालिम लिनुपर्ने व्यवस्था गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ। सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ।

## ४.१.३ उद्देश्य

क) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु

ग) पाठ्यक्रमले तोके बमोजिम विद्यर्थीको सिकाइको मूल्याङ्कन गर्नु

## ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,

ङ)  स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवमं कार्यान्यिन गर्ने,

ढ)  स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने ।

## ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ. उपलब्धि

क)  पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

### आ. नतिजा

क)  पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,

ख)  पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,

ग)  सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,

घ)  पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको हुने,

ङ)  सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने,

च)  स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने ।

## इ. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण | सङ्ख्या | ३० | ३० | | | | ६० | १०० | स्थानीय तह, शिविसइ |
| २ | शिक्षक तालिम र पुनर्ताजगी तालिम | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | २०० | ३०० | स्थानीय तह, शिक्षा तालिम केन्द्र |
| ३ | शिक्षक पेसागतसहयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह |
| ४ | कक्षाकोठामाआधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ६ | डिजिटल सामग्रीको प्रयोग | ओटा | ६ | ५ | ७ | ८ | ८ | ३२ | ६० | विद्यालय |
| ७ | सूचना प्रविधिको प्रयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह, विद्यालय |
| १० | सुपरिवेक्षण तथा अनुगमन | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| ११ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैः विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | सबै विद्यालयका कक्षा १ देखि ३ | ४० | ४० | ४० | ४० | ४० | | | |
| १२ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/ कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १३ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १४ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | कक्षा ३ र ५ को सिकाइ उपलब्धी परीक्षण र विश्लेषण | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरीय शिक्षाको प्रमुख तत्त्व शिक्षक हो। यसका लागि शिक्षकहरूको पनि उचित व्यवस्थापन र विकास गर्नुपर्ने हुन्छ । श्रम बजारमा भएको जनशक्तिलाई शिक्षण पेसाप्रति आकर्षण बढाउने र कार्यरत शिक्षकहरूको क्षमता विकासमार्फत शिक्षण पेसाप्रतिको उत्तरदायित्वको भावना बढाउनु अहिलेको आवश्यकता हो। शिक्षकको गुणस्तरको मात्रा पनि प्रत्यक्ष रूपले शिक्षकको तयारी, विकास र व्यवस्थापनसँग सम्बन्धित हुन्छ । शिक्षासम्बन्धी विभिन्न प्रतिवेदनहरूले शिक्षक व्यवस्थापनका लागि शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुवैलाई उत्तिकै महत्त्व दिएका छन् । विद्यालय तहका शिक्षकका लागि अध्ययन अनुमतिपत्रको व्यवस्था गर्न र शिक्षक छनोट र शिक्षकको बढुवाका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगको व्यवस्था रहेको छ। यसै गरी हाल शिक्षक व्यवस्थापनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विद्यालय शिक्षक किताव खाना, शिक्षा विकास निर्देशनालय र शिक्षक तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र विद्यालय संलग्न रहेका छन् ।

### ४.२.२ वर्तमान अवस्था

शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने , शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास कन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

यस गाउँपालिकामा हाल सञ्चालनमा रहेका बालबिकास केन्द्रका २५, आधारभूत तहका १२७, माध्यमिक तहका ४५ गरी जम्मा १९७ जना शिक्षकहरूले अध्यापन गरिरहेका छन् ।

### ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई

प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

## ४.२.४ रणनीतिहरू

क) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।

ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।

ग) शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।

घ) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

ङ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

च) शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

छ) रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था गर्ने ।

ज) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईने ।

झ) शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने ।

ञ) कार्ययोजना, शैक्षिक योग्यता, अनुभव लगायतको आधारमा विद्यालयमा प्रधानाध्यापकको छनौट गरिने ।

## ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ. उपलब्धि

क) सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

### आ. नतिजा

क) राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,

ख) शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,

ग) शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,

घ) पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,

ङ) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,

च) शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,

छ) शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,

ज) शिक्षकको आपूर्ति नियमित रूपमा हुने,

झ) शिक्षकको बृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

## इ. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने । | जना | ५ | ५ | ५ | ५ | ५ | ५० | ८० | स्थानीय |
| ३ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| ४ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ सञ्जाल बनाउने | ओटा | | १ | | | | | १ | |
| ५ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह |
| ६ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालनका गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | सङ्घ, स्थानीय तह |
| ७ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | १० | १० | १० | १० | १० | ५० | ८० | स्थानीय तह तथा अन्य निकाय |
| ८ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० | सङ्घ, प्रदेश र स्थानीय तह |
| ९ | शिक्षिक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | | १ | | | | १ | १ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १० | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत् सिकाइ उपलब्धिमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ११ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १२ | कक्षा १ देखी ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको व्यवस्था | पटक | १ | १ | | | | २ | ४ | |
| १३ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई साक्षरता तथा गणितीय सिप एकीकृत तालिमको व्यवस्था | जना | ३४ | ३४ | | | | ६८ | ६८ | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको व्यवस्था | ओटा | | १ | | १ | | २ | ४ | |
| १५ | एकीकृत पाठ्यक्रममा पठन तत्त्व तथा एकीकृत ढाँचासम्बन्धी पुर्नताजगी तालिमको व्यवस्था | पटक | | | | | १ | १ | | |
| १६ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टर्नेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | | | १ | | | १ | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १७ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १८ | शिक्षक पेसागत सहयोग सम्बन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकास गर्ने (जस्तै)<br>प्रधानाध्यापक/ आधारभूत संयोजक/ अनुभवी शिक्षक परिचालन<br>विज्ञ समूह गठन र परिचालन<br>शिक्षक सिकाइ समूह गठन र परिचालन<br>वैकल्पिक विधिको प्रयोग | सबै विद्यालय र पालिकामा / पटक | १ | | १ | | १ | ३ | ५ | |
| १९ | हरेक कक्षा ३,५,८,१०,१२ को वार्षिक परिक्षामा प्रत्येक कक्षाका उत्कृष्ट ३ जना शिक्षकलाइ सम्मान गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | स्थानीय |
| २० | शिक्षकहरुलाइ प्रत्येक वर्ष नमुना बिद्यालयको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २१ | शिक्षकहरुको प्रतिभाहरुको सङ्गालो संकलन र प्रकाशन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २२ | शिक्षकहरुको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २३ | बिद्यार्थीको सिकाइ उपलब्धीको आधारमा उत्कृष्ट शिक्षक सम्मान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २४ | शिक्षकहरुको सिकाइ आदान प्रदान गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | स्थानीय |

# ४.३ शैक्षिक समता र समावेशीकरण

## ४.३.१ परिचय

पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बिच गरिने समान व्यवहार नै शैक्षिक समता हो। विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुदैन । यो आफ्नो गन्तव्य नभइ एउटा माध्यम मात्र हो। यस गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो। यसमा ब्राम्हण, क्षेत्री, दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाहरुको बसोबास छ। विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएको समाजमा पछि परेका र पारिएको दलित महिला अपाङ्गता भएका व्यक्तिहरुको मिश्रित बसोबास रहेको समुदाय छ। सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ। सामाजिक, सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ। बालबालिकाहरु विशेषत अपाङ्गता भएका, दलित विपन्न परिवारमा जन्म भएका, शिक्षामा पहुँच नपुगेको समाज रहेको छ। विविधतालाई पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ। बालबालिकामा भएको भिन्नताहरुदेखि सहभागितामा पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यक छ। यस्तो समतामा विशेष तथा थप प्रबन्धको व्यवस्था गर्नुपर्दछ। समाजमा सामाजिक न्याय स्थापित गर्न, शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण र अत्यावश्यक छ।

समावेशी शिक्षा भन्नाले समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, जातजाति लगायत शिक्षाबाट बञ्चितीकरणमा परेका वर्गलाई उनीहरूको आवश्यकता र चाहना अनुसारको शिक्षा प्रदान गरी गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाई शिक्षाको माध्यमबाट राज्यको मूल प्रवाहमा समाहित गर्ने शिक्षणको आधुनिक विधि नै समावेशी शिक्षा हो। सबै बालबालिकाले एउटै प्रक्रियाबाट उही कुरा उही समयमा सिक्न सक्दैन । यसर्थ, अपाङ्गता भएका, कार्यगत सीमितता तथा सिकाइमा कठिनाई भएका लगायत सबै बालबालिकाको पूर्ण सहभागिताको सुनिश्चितता गर्ने शिक्षा नै समावेशी शिक्षा हो। समावेशी शिक्षालाई बालबालिकामा भएको विविधताको सम्मान गर्दै विविधतालाई सम्बोधन हुने गरी प्रदान गरिने शिक्षाको रूपमा लिने गरिन्छ । समावेशी शिक्षाले सबै सिकारुको सक्रिय सहभागिताको लागि उपयुक्त वातावरण सिर्जना गर्दै उनीहरूको विविध क्षमता र चाहनाको समेत सम्बोधन गर्ने प्रयास गर्दछ। यसको बाबजूद समावेशी शिक्षाले सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्न सहयोग गर्ने तथा सबै बालबालिकामा रहेको विविधताको सम्मान गरी बालमैत्री शिक्षण सिकाइ वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा मद्दत गर्नेछ।

## ४.३.२ वर्तमान अवस्था

गाउँपालिकाका अनाथ, घरेलु हिंसा पीडित, अपाङ्गता भएका सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि गाउँपालिकाले विभिन्न कामहरू गरिरहेको छ। छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजा लगायतका कामहरू गाउँपालिकाले गरिरहेको छ। तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ। यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरू स्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन ।

## ४.३.३ उद्देश्य

क) लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,

ख) लक्षित समूहका बालबालिकाहरुको सिकाई सहभागितामा बृद्धि तथा सिकाई उपलब्धी सुधार गर्नु,

ग) समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु ।

## ४.३.४ रणनीतिहरू

क) विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने,

ख) विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गर्ने,

ग) विद्यालयहरूमा बिशेषतः छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने,

घ) प्रत्येक बिद्यालयहरुमा गुनासो पेटिका बनाई राख्न लगाईने,

ङ) सबै तह र प्रकारका विद्यालयहरुमा लैङगिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरुको निर्माण गर्ने,

च) घरधुरी सर्वेक्षण गरी बालबालिकाहरुको सबै प्रकारका विवरण सङकलन गरी अद्यावधिक गर्ने,

छ) साधारण विद्यालयमा भर्ना भइ अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरुका लागि स्रोतकक्षाको व्यवस्था गर्ने,

ज) समावेशी तथा समतामुलक पहुँच सुनिश्श्रितका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइने,

झ) विद्यार्थीहरुलाई खासंगरी किशोरीहरुलाई हुने विभेद र हेपाइ आदिलाई न्युन गर्न सचेतनामुलक

कार्यक्रमका साथ अनुगमन तथा निरिक्षण, अनुसन्धान गरिनेछ र विभद गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कानुनको दायरामा ल्याइने ।

## ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ. उपलब्धि

क) समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

### आ. नतिजा

क) अपाङ्गता,गरिव, विपन्न,अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरूआदिको अभिलेख अद्यावधिक हुने ।

ख) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चितहुने ।

ग) लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एव प्रोत्साहन प्राप्त गरेको हुने ।

घ) विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने ।

## ङ. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य / इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | स्थानीय तहहरूमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने | पटक | | १ | | | | १ | १ | स्थानीय तह |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गराउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ३ | विद्यालय बाहिर रहेको सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागीता सहितको कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य / इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्दति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गर्ने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह तथा विद्यालय |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रअ, शिक्षक तथा विव्यसका पदाधिकारीलाई अभिमुखीकरण गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय |
| ८ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | | १ | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय |
| ९ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य / इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १० | पाठ्यक्रमलाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने । | पटक | १ | १ | १ | | | ३ | ५ | सङ्घ र स्थानीय तह |
| ११ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यस्था मिलाउने | पटक | | | १ | | | १ | १ | स्थानीय तह |
| १२ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने | निरन्तर | | | | | | | | स्थानीय |
| १३ | पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकता अनुसार सहायक सामग्रीहरूको उपलब्धता | पटक | १ | | | १ | | १ | १ | स्थानीय |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमः

### ४.४.१ परिचय

बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउन उनीहरुको स्वास्थ्य र पोषणको महत्वपूर्ण स्थान हुन्छ । विद्यालयमा विद्यार्थीको सङ्ख्या वृद्धि, नियमितता र टिकाउपना बढाउन पनि दिवा खाजाको महत्वपूर्ण भूमिका हुन्छ । सरसफाइ तथा स्वच्छताको अभ्यास सिकाइको एक अभिन्न अङ्ग हो। खास गरी ९-१० वर्षपछिका बालिकाहरुमा सरसफाइ तथा महिनावारी स्वच्छता अत्यन्त आवश्यक हुन्छ । नेपालको संविधान र राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा, स्वास्थ्य र खाद्य सम्प्रभुतासम्बन्धी कानुनले पनि बालबालिकाका यससम्बन्धी अधिकार स्थापित गरेका छन् ।

### ४.४.२ वर्तमान अवस्था

विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखी कक्षा ५ सम्म र आधारभूत शिक्षामा दिवा खाजाको प्रबन्ध छ। दिवा खाजाका निम्ति पालिकाले ६ देखी ८ कक्षासम्मका विद्यार्थीका लागी पनि रकम उपलब्ध गराएको छ। केही विद्यालयमा अझै बस्न खाने ठाउँको असुविधा छ। असुविधा छ। सरसफाइको स्तर पनि न्यून छ। कतिपय विद्यालयमा पिउने पानीको समेत व्यवस्था छैन। “आफूले घरबाट लगेको पानी आआफैंले खाने” भन्ने स्थिति छ। माध्यमिक तह संचालन भएका विद्यालयमा दिवा खाजा विद्यालय कर्मचारीबाट दिवा खाजा व्यवस्थापन गर्ने गरिएको छ।

### ४.४.३ उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु ।

### ४.४.४ रणनीतिहरू

क) बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामाग्रीहरू तथा समुहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लैजाने,

ख) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूको लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी,

कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

ग) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने,

घ) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसंग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

ङ) दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने ।

## ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### अ. उपलब्धि

क) विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ।

### आ. नतिजाहरू

क) विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानूनी प्रबन्ध हुनेछ।

ख) दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियमक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ।

ग) प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ।

घ) सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ५ सम्मका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुनेछ।

ङ) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त खानेपानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशारीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको

व्यवस्था हुनेछ।

च) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक किशोरीहरुको मासिक महिनावारीमा सेनेटरी प्याड वितरण हुनेछ।

छ) विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ।

## इ. मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि अद्यावधिक र परिमार्जन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १६ | |
| २ | एक माध्यमिक विद्यालय एक स्वास्थकर्मी | विद्यालय | | | | | | | | |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | विद्यालय | १० | ५ | ३ | | | १८ | १८ | स्थानीय तह तथा अन्य |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह तथा अन्य |
| ५ | विद्यालयहरूमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | सङ्ख्या | | १ | | १ | | २ | ४ | प्रदेश |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | निरन्तर | | १ | | | | १ | १ | |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | | |
| ८ | अभिभावक आमा समूह दिवा खाजा तथा सचेतना कार्यक्रम | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |

# ४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थान्शीलता

## ४.५.१ परिचय

बालबालिकाले निरन्तर सिक्न पाउने अधिकार आपत्कालमा यो निकै कठिन हुन्छ । यस निम्ति जोखिमको पूर्व तयारी गरी प्रतिकार्य र पुनर्लाभको स्थितिसम्बन्धी कार्यढाँचा तयार गर्नुपर्ने हुन्छ । प्राकृतिक मानवीय तथा कोभिड सङ्क्रमण जस्ता आपत्कालीन स्थितिमा पनि बालबालिकाको सिकाइले निरन्तरता पूर्व तयारी हुँदा त्यस्ता प्रकोपबाट हुने क्षती कम गर्न र तत्काल क्षती विरुद्धको पुनर्लाभ हुन मद्दत पुग्नुका साथै छोटो अवरोधपछि कार्यक्रमले निरन्तरता पनि पाउँछ।

४.५.२ वर्तमान अवस्था

बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ ले व्यवस्था गरेअनुसार बालबालिकालाई कुनै पनि प्रकारको सजाय, उत्पिडन र यौन दुराचारबाट मुक्त भयरहित वातावरणमा सिकाइ हुनुपर्छ । विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८, सुरक्षा गुरु योजना २०१७ र विद्यालय क्षेत्र सुधार योजना २०७६ ले विपदमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिन न्यूनतम सुरक्षाका उपायहरु शिक्षक विद्यार्थीको जीवन सुरक्षा घाइते हुनबाट बचाउने र बिपद्पछि सिकाइले निरन्तरता पाउने बारेमा विभिन्न विषयलाई समेटेको छ। भुकम्प, आगलागी, बाढीपहिरो र महामारीका अवस्थामा भएका क्षतिहरुको विवरण अद्यावधिक राख्दा भावी विपद्का अवस्थामा कार्यसम्पादनमा सहजता आउँछ।

## ४.५.३ उद्देश्यहरु

क) संकटको सम्भावित जोखिम कम गर्न विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी पुर्व

ख) सावधानी अपनाई सम्भावित शैक्षिक क्षति न्युनीकरण गर्नु ।

ग) विपद् प्रतिकार्य योजना बनाई लागु गर्नु ।

घ) विपद्तथा संकटपुर्ण अवस्थामा पनि बालवालिकाको शिक्षाको लागि वातावरण तयार गर्नु ।

## ४.५.४ रणनीति

क) प्रकोप, विपद, महामारीको पूर्व अनुमान अनुसार संघीय सरकारले बनाएको कार्यविधिहरुको लागु गर्ने संयन्त्रको विकास गर्ने ।

ख) स्थानीय सरकारवाला तथा विज्ञहरुसंग अन्तरक्रिया छलफल गरी स्थानीय स्तरमा तहगत रुपमा बैकल्पिक सिकाई पाठ योजना तयार पार्ने ।

ग) स्थानीय रेडियो, टेलिभिजन लगायतका संस्थाहरुसंग समन्वय गर्ने ।

घ) विपद प्रतिरोधी पूर्वाधारहरुको निर्माणमा जोड दिने ।

ङ) स्थानीय विज्ञहरु समेत समेटी गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति बनाउने जसमा विद्यालय शिक्षा हेर्ने उपसमिति समेत बनाई कार्य सम्पादन गर्ने ।

च) विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।

छ) महामारीका समयमा शिक्षण सिकाईलाई निरन्तरता दिन वैकल्पिक उपायहरुको तयारी गर्ने ।

ज) विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गर्ने ।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने,

ट) विद्यालयहरू आपतकालिन अवस्था, संकट र महामारीको समयमा पनि बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तर कायम गर्ने,

ठ) Covid-१९ जस्ता संकटले विद्यालय शिक्षामा पार्ने छोटो र लामो अवधीका प्रवाभ पहिचान गरी तिनको सम्बोधन गर्ने,

ड) विपद् पूर्व तयारी, प्रतिकार्य र अभ्यास (ड्रिल) कार्यक्रम विद्यालयको वार्षिक कार्ययोजनामा समावेश गर्ने,

ढ) विपत तथा जलवायु परिवर्तन सम्बन्धी ज्ञान र व्यवहारिक तालिम शिक्षक र विद्यार्थीहरूलाई प्रदान गर्ने ।

## ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ) उपलब्धी

क) आपतकालिन तथा संकटका समयमा समेत गाउँपालिका भित्रका विद्यालयहरुमा पठपाठन गर्न विद्यार्थीहरुले बैकल्पिक माध्यमबाट भएपनि सिकाईलाई निरन्तरता दिनेछन् ।

### आ) नतिजा

क) विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा संकटको समयको लागि व्यवहारिक योजना निर्माण भइ आवश्यकताका आधारमा लागु हुनेछ।

ख) प्रकोप महामारीमा समेत सिकाई निरन्तर हुनेछ।

ग) आपतकालिन अवस्थामा वैकल्पिक सिकाईका विधिहरु प्रयोग गरी बालबालिकाहरुले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ।

## इ) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | उत्थानसिलताका लागि सचेतना विकास गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| २ | शिक्षक तथा विव्यस तालिम | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | सबै विद्यालय |
| ३ | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ५ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक कार्यकर्ताको व्यवस्था | विद्यालय | ४ | ५ | ६ | ७ | ८ | ८ | १० | आवश्यकताको आधारमा |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्वन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि एकिकृत गर्ने | पटक | १ | | | | | १ | १ | |
| ८ | शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | १ | | | | | १ | १ | |

# ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

## ४.६.१ परिचय

यस गाउँपालिकाबाट लिसंखु पाखर गाउँपालिकाको शिक्षा ऐन २०७४, लिसंखु पाखर गाउँपालिकाको शिक्षा नियमावली २०७४ लगाएत विभिन्न कार्यविधि, मापदण्ड तयार गरी विद्यालय व्यवस्थापन पक्षमा अझ व्यवस्थित र सुदृढीकरण गर्न गाउँपालिका लागिपरेको छ। विद्यालयको शैक्षिक सुधार व्यवस्थापन र चौतर्फी सुदृढीकरण गर्न विद्यालय व्यवस्थापन समितिको महत्त्वपूर्ण भूमिका हुन्छ। त्यसैले विद्यालय व्यवस्थापन समितिको गठन गर्न कार्यविधि बनाई तोकिएको समयभित्र गठन प्रक्रियालाई अगाडि बढाइएको छ भने शिक्षक अभिभावक संघ गठन, सामाजिक परीक्षणलाई कडाईका साथ लागू गरिएको छ। यस गाउँपालिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट विभिन्न किसिमका कार्यक्रम सञ्चालन हुँदै आएतापनि विद्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न समयको माग र बदलिदो राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा परिवर्तन गर्दै लैजान धेरै चुनौतीहरू रहेका छन्। ती चुनौतीहरूलाई सम्बोधन नगर्दा सम्म गाउँपालिकाले चाहेजस्तो गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्ने अवस्थामा छन्। त्यसैले तीन तहको सरकारको समन्वय र सहकार्यमा समस्या समाधानका लागि तपसिलका थप कार्यहरू गर्नुपर्ने देखिन्छ ।

## ४.६.२ वर्तमान अवस्था

विद्यालय भवनहरु सामान्यतया पर्याप्त तथा राम्रो अवस्थामा रहेका

क) खेलमैदान भएका विद्यालयहरु करीव २० प्रतिशतमा राम्रो र अन्यमा सुधार गर्नु पर्ने

ख) शौचालय सामान्यतया सबैमा रहेको तर महिला, पुरुष र अपाङ्गमैत्री तथा WASH सुविधा करीव ७० प्रतिशतमा नरहेको ।

ग) घेराबार भएका विद्यालय ९०% भएको, बाँकी असुरक्षित ।

घ) छात्रावास, पुस्तकालय र वाचनालय ३५% नभएको ।

ङ) फर्निचर पर्याप्त भएको

च) स्वच्छ खानेपानी पर्याप्त ।

### समस्या तथा चुनौतीहरू

**समस्याहरू**

क) सङ्घीय सरकार र प्रदेश सरकारबाट शिक्षा सम्बन्धी आवश्यक नीति तथा ऐन/नियम तर्जुमा हुन नसक्नु,

ख) विद्यालय सञ्चालनको न्यूनतम भौतिक पूर्वाधारको अभाव जस्तै विद्यार्थी सङ्ख्या र सञ्चालित

कक्षाका अनुपातमा पुस्तकालय, प्रयोगशाला समेतको लागि कोठाको अभाव हुनु,

ग) विद्यालयमा आवश्यक आर्थिक स्रोतको अभाव हुनु

**चुनौतीहरू**

क) बालबालिकाको वैयक्तिक आवश्यकताअनुसार अपाङ्गतामैत्री संरचना र सिकाइ अभ्यासमा सुधार गर्नु,

ख) विद्यालय सञ्चालनका लागि न्यूनतम रूपमा आवश्यक पर्ने स्रोत साधनको सुनिश्चितता गर्नु

ग) वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास गरी प्रभावकारी परिचालन गर्नु

घ) सक्षम शिक्षकहरूमा प्रधानाध्यापक पद प्रति कम आकर्षण र उक्त पदको भूमिका सबल हुन नसक्नु

## ४.६.३ उद्देश्य

योजनामा राखिएका लक्ष्य प्राप्तिका लागि तपसिलका उद्देश्यहरू राखिएका छन् :

क) सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।

ख) पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउनु ।

## ४.६.४ रणनीतिहरू

क) पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गर्ने,

ख) विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने,

ग) विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजाका घर लगायत सबैको योजना समावेश गरी डिजायन गर्ने,

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गर्ने,

ङ) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने,

च) पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गर्ने,

छ) आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गर्ने,

ज) विद्यालयको भवन तथा भौतिक पुर्वाधारलाई विपत जोखपम मुक्त, सुरक्षित र हरित बनाइने,

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

## ४.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ) उपलब्धि

क) सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने ।

### आ) नतिजा

क) माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरुयोजना तयार हुने ।

ख) पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।

ग) पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने ।

घ) पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।

ङ) पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने ।

च) विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने ।

छ) सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने ।

## इ) प्रमुख क्रियाकलाप तथा लक्ष्य

विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | पूर्वाधार बिकासका लागि मापदण्ड एवं सूचकको तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह र विद्यालय |
| २ | पूर्वाधार विकास एवं विस्तारका लागि १० वर्षे गुरुयोजना तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय, स्थानीय तह |
| ३ | विद्यालयको मर्मत सम्भार र संवर्द्धन | निरन्तर | | १ | | | | १ | १ | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत व्यवस्था र जिम्मेवारी | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह, विव्यस |
| ५ | अपाङगता मैत्री, लैङगिक मैत्री संरचनाको विकास | विद्यालय | १ | २ | २ | २ | २ | ९ | १८ | विद्यालय |
| ६ | विद्यालय भवन मर्मत | आवश्यक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ७ | यातायात सहित आवासिय विद्यालय सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |

# ४.७ शिक्षामा सूचना प्रविधिको प्रयोग

## ४.७.१ परिचय

सामान्यतया शिक्षामा सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology-ICT) भन्नाले कक्षा कोठामा कम्प्युटर र इन्टरनेटका माध्यमबाट छापा, श्रव्य, दृश्य, श्रव्यदृश्य, मल्टिमिडिया तथा वेवमा आधारित शिक्षण सिकाइ सामग्रीको प्रयोग भन्ने अर्थ लाग्दछ। सूचना र सञ्चार प्रविधिको प्रयोगले सिक्ने र सिकाउने शैलीमा परिवर्तन र सहजीकरण गर्नुका साथै देश विकासका लक्ष्य हासिल गर्नमा समेत मद्दत पुयाउँछ। इन्टरनेट सेवाको पहुँच र गुणस्तरमा वृद्धि भएसँगै रेडियो टेलिभिजन र मल्टिमिडियामा आधारित सिकाइ सामग्रीहरू अनलाइन सिकाइ सामग्रीमा रूपान्तरण भएका छन् भने आमनेसामने पद्धतिका कक्षाहरू भर्चुवल कक्षामा रूपान्तरण भएका छन् । सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्नका लागि सूचना तथा सञ्चार प्रविधिसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने छ। यसले शिक्षा प्रणालीलाई मजबुत बनाउन, ज्ञान वितरणमा सुधार ल्याउन, गुणस्तरीय शिक्षामा पहुँच बढाउन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको विशेष महत्त्व छ। पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीका असीमित स्रोत इन्टरनेटमा उपलब्ध हुन्छन् । कोभिड- १९ ले शिक्षा जगत तथा मानव जीवनमा नकारात्मक प्रभाव पारेको भए तापनि शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि गर्ने सम्बन्धमा यो अवधि स्वर्ण अवसर साबित भएको छ।

नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ ।

## ४.७.२ वर्तमान अवस्था

लिसंखु पाखर गाउँपालिकामा रहेका सबै सामुदायिक विद्यालयहरूमा सुचना तथा सञ्चार प्रविधिको न्यूनतम प्रयोग भैराखेको छ। करिब सबै विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको आधारभूत सुविधा रहेको छ। इन्टरनेटको व्यवस्था गर्न सबै सामुदायिक विद्यालयलाई रकम उपलब्ध गराउने गरिएको छ। विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हालसम्म यस गाउँपालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छ। आधारभूत शिक्षा (कक्षा ६-८)

पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निर्धारण गरेको छ।

कक्षा ४ देखि १० सम्म विज्ञान तथा प्रविधि विषयमा सूचना प्रविधि र कम्प्युटरसँग सम्बन्धित पाठ राखिएको छ भने केही विद्यालमा ऐच्छिक विषयका रूपमा छुट्टै कम्प्युटर विषय पठनपाठन गराउने गरेका छन् ।

### समस्या र चुनौतीहरू

क) शिक्षकहरूको ठूलो हिस्सा प्रविधिमा अभ्यस्त नभएकोले सिकाइलाई प्रविधिमैत्री बनाउन कठिनाइ हुनु,

ख) इन्टरनेट प्रयोगका सकारात्मक प्रभाव तथा सम्भावित जोखिमको विश्लेषण गरी सिकाइ प्रक्रियामा प्रयोग गर्ने ज्ञान तथा सीपको कमी हुनु,

ग) सबै शिक्षकहरूलाई सूचना प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास गर्न नसक्नु ।

## ४.७.३ उद्देश्य

क) सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,

ख) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

ग) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमको रूपमा प्रयोग गर्नु

## ४.७.४ रणनीतिहरू

क) सूचना तथा सञ्चार प्रविधिको माध्यम र साधनको पहुँचमा वृद्धि गर्ने ।

ख) सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास गर्ने ।

ग) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,

घ) सबै शिक्षकहरूको क्षमता विकास गर्ने,

ङ) विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने,

च) शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,

छ) शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार

गर्ने,

ज) सामुदायिक सिकाइ केन्द्रहरूमा Digital Learning Center स्थापना गर्ने ।

## ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ. उपलब्धि

क) सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवा सहितको ICT प्रयोगशालाको विस्तार भएको हुनेछ।

ख) शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूको ICT सम्बन्धी क्षमता विकास भएको हुनेछ।

ग) शिक्षक तथा विद्यार्थीहरूका लागि वेवमा आधारित तथा डिजिटल शिक्षण सिकाइ पोर्टल सहितका स्रोत सामग्रीहरूको विकास भएको हुनेछ।

घ) सामुदायिक सिकाइ केन्द्रहरूबाट डिजिटल साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ।

### आ. नतिजा

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,

ख) विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,

ग) सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,

घ) सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,

ङ) सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,

च) सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,

छ) सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,

ज) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने ।

## इ .प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

शिक्षामा सूचना तथा सञ्चार प्रविधिका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ र स्थानीय तह |
| ३ | माध्यमिक विद्यालयमा इ लाइब्रेरी सहितको कम्प्युटर ल्याब व्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | ३ | ११ | ११ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | १ | ३ | ३ | ४ | ४ | १५ | १५ | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | १ | | | | १ | १ | |
| ७ | विद्यालमा इ हाजिरी ब्वस्थापन | ओटा | २ | ३ | ३ | ३ | ३ | १४ | १८ | |
| ८ | कक्षा ४-१२ सम्म स्मार्ट बोर्डको व्यवस्था गर्ने | विद्यालय | ५ | ६ | | | | ११ | ११ | |
| ९ | बाल कक्षा देखि कक्षा ३ सम्म स्मार्ट टेलिभिजनको व्यवस्था गर्ने | विद्यालय | ३ | ४ | ५ | ६ | | १८ | १८ | सङ्घीय |
| १० | शिक्षकको अनुपस्थितिमा इ लर्निङ/सिकाइ चौतरी पोर्टलबाट कक्षा सञ्चालन गर्ने | शिक्षक र विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | सङ्घीय |
| ११ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतप्रयोगका लागि तालिमको व्यवस्था | जना | २० | २० | २० | २० | २० | ८० | १६० | सङ्घीय |

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

दीर्घकालीन शिक्षा योजना अनुसार गाउँपालिकाले कार्यक्रम विकास, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न जरुरी छ। यसका लागि गाउँपालिकाको संस्थागत सुधार तथा क्षमता विकास गर्नुपर्छ । यस योजनाको परिकल्पना, दूरदृष्टि, दीर्घकालिन लक्ष्य, उद्देश्यअनुसारको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ तथा विद्यालयमा कार्यरत जनशक्ति एवम् गाउँपालिकाको शैक्षिक प्रशासन शाखामा उपलब्ध जनशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकास गर्नु आवश्यक छ। यसका लागि देहायका रणनीति तथा कार्यनीतिहरू कार्यान्वयनमा ल्याइने छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकासमसा ,ाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ।

बदिलदो परवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय सरचनाअनुसार तीन तहकोसरकारकाअधिकार तथा दायित्व बाँडफाड गरिएको छ। योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । शिक्षामा भएको संङ्ख्यात्मक विकास र विज्ञान प्रविधिको तिव्र विकासले र सामाजिक विकास र मानवीय चेतनामा आएको परिवर्तन लगायतका पक्षहरू समेतलाई विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु नै संस्थागत संरचना र क्षमता विकास हो

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ।

## ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिकाको शिक्षाको वर्तमान संस्थागत संरचनालाई हेर्दा गाउँपालिकामा शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ। जसमा १ जना वरिष्ट विद्यालय निरिक्षक र १ जना स्रोत शिक्षक रहनुभएको छ। उहाँहरू मार्फत् दैनिक शैक्षिक प्रशासन सञ्चालन, अनुगमन तथा नियमनका कार्यक्रमहरू निरन्तर रूपमा अगाडी बढिरहेका छन।

समग्रमा, राज्यका तिनै तहका सरकारको एउटै लक्ष्य र उद्देश्य भएता पनि संस्थागत संरचना र क्षमता विकास कार्यमा आआफ्नानै कार्यशैली प्रस्तुत गरेका कारणले यस गाउँपालिकामा चाहे अनुरूप काम भने हुन नसकिरहेको अवस्था छ। भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यन्वयन गर्ने परिपाटीका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

## ५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने

ख) तिनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने

ग) गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने

घ) जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने

ङ) कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने

## ५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

ख) संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,

ग) कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,

घ) स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,

ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,

च) कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ. उपलब्धिः

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने

### आ. प्रमुख नतिजाः

क) शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने

ख) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने

ग) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने

घ) सेवा प्रवाह सहभागीतामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने

## इ. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | पटक | | १ | १ | १ | १ | १ | ५ | |
| ५ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | सङ्ख्या | १ | | | | | १ | १ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |

# ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

## ५.२.१ परिचय

शिक्षा क्षेत्रको विकासका शिक्षा क्षेत्रको विकासका लागि हाल सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तरगत केन्द्रिय तहमा विभागीय रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । ७७ ओटै जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइ रहेका छन्। त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन्। यसै गरी प्रदेश तहमा सामाजिक विकास मार्फत् शिक्षा विकास निर्देशनालय, प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने प्रत्येक स्थानीय तहमामा शिक्षा शाखाको व्यवस्था गरिएको छ। पालिका स्तरमा स्थानीय सरकार संचालन ऐन- २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनमा तोकिए बमोजिमका २३ ओटा कार्यहरू कार्यान्वयनमा रहेका छन्।

## ५.२.२ वर्तमान अवस्था

यस गाउँपालिकाको शिक्षाको वर्तमान संस्थागत संरचनालाई हेर्दा गाउँपालिकामा शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ। जसमा १ जना वरिष्ट विद्यालय निरिक्षक र १ जना स्रोत शिक्षक रहनुभएको छ। उहाँहरू मार्फत् दैनिक शैक्षिक प्रशासन सञ्चालन, अनुगमन तथा नियमनका कार्यक्रमहरू निरन्तर रूपमा अगाडी बढीरहेका छन्।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ।

## ५.२.३ उद्देश्य

स्थानीय तहको शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता गर्नु

## ५.२.४ रणनीतिहरू

क) सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने

